
# लेखापरीक्षण प्रतिवेदन

## चुरे गाउँपालिका, कैलाली

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# चुरे गाउँपालिका, कैलाली

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/303

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कैलाली।

## कैफियतसहितको राय

हामीले चुरे गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको यस आर्थिक वर्षको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा नेपाल सरकारबाट बजेट अख्तियारी प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रू.६ करोड २१ लाख ५ हजारर गरिबसँग विश्वेश्वर कार्यक्रमको रू.४ लाख १४ हजार समेत गरी रू.६ करोड २५ लाख १९ हजार सुत्रमा समावेश गरेको छैन।
२. गाउँपालिकाको रू.९० करोड ४१ लाख ८३ हजारको लेखापरीक्षण गरी रू.२ करोड ७८ लाख ७७ हजार बेरुजु देखिएकोमा रू.२५ लाख ११ हजार प्रतिक्रियाबाट फस्यौंट भई रू.२ करोड ५३ लाख ६६ हजार (२.८१ प्रतिशत) बाँकी रहेको छ । उक्त बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू.९२ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४२ लाख ४८ हजार, नियमित गर्नुपर्ने रू.५२ लाख ५९ हजार र पेश्की बाँकी रू.६६ लाख १५ हजार रहेको छ। गत वर्षसम्म रू.१४ करोड १७ लाख ३९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.१६ करोड ७१ लाख ४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

### अन्य बेहोरा

लेखापरीक्षण प्रतिवेदनमा स्रोत साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको,लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास- निर्माण र सेवा प्रवाहमा असर परेको, विभिन्न शीर्षकमा प्रदान गरिएको अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा औंल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी चुरे गाउँकार्यपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोबारको प्रकृति लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्नसक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७७ | ७३ | २,७८,७७,५८६ | ० | ४ | २५,११,६५७ | ० | ७७ | ६९ | २,५३,६५,९२९ | ९२,४४,६४९ | ५२,५९,५७९ | ४२,४७,३४५ | ० | ० | ९५,०६,९२४ | ६६,१४,३५७ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलाली | १४,१७,३९,००० | ० | ० | १४,१७,३९,००० | ० | २,५३,६५,९२९ | १६,७१,०४,९३० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३७ | कर कट्टी | १,८०० |
| २ | २०८०/८१ | २७ | बढी भुक्तानी | १७,८५७ |
| ३ | २०८०/८१ | ४६ | खर्चको पुष्ट्याई | १,००० |
| ४ | २०८०/८१ | ६१ | कार्य सम्पादन जमानतको म्याद न्यून | २४,९१,००० |
| जम्मा | | | | २५,११,६५७ |

# (८०७७७५०२३०० - चुरे गाउँपालिका, कैलाली )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचयः-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ६ वडा, ४९३.१८ वर्ग किलोमिटर क्षेत्रफल तथा २१४२७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्यः-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधिः-** यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि ४ दिन (२०८१।८।२९ देखि २०८१।९।२) सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधिः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमाः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाई, समयसीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थितिः-** पालिकाको आय-व्ययतर्फ जम्मा रू.९० करोड ४१ लाख ८३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) वित्तीय प्रतिवेदनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा

स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाको कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ।

एकीकृत आय व्यय विवरण

आ.व. २०८०।०८१

| | आयतर्फ (रू.) | | | | व्ययतर्फ (रू.) | | |
|---|---|---|---|---|---|---|---|
| सि. नं . | विवरण | रकम | रकम | सि. नं | विवरण | रकम | रकम |
| | गत वर्षको जिम्मेवारी | | ३६३२१७८४।५२ | १ | चालु खर्च | २८८७४६९४६।५३ | २८८७४६९४६।५३ |
| | क) नगद | | | २ | पुँजीगत खर्च | ९८७०५६६३।०० | ९८७०५६६३।०० |
| | ख) बैँक मौज्दात | २७७१३८१५।३२ | | ३ | कोषतर्फको खर्च | १०३४०६९२।०० | १०३४०६९२।०० |
| | ग) धरौटी मौज्दात | ४५७८४६३।३१ | | | वित्तीय व्यवस्था भुक्तानी | | |
| | घ) प्रकोप व्यवस्थापन कोष खाता मौज्दात | ५६२४।२ | | | क)ऋण भुक्तानी | | |
| | ङ) विविध खर्च खाता/कोष मौज्दात | २४७३५३२५।०० | | | ख)ब्याज भुक्तानी | | |
| १ | च) कर्मचारी कल्याण कोष मौज्दात | १५५०३५१।४४ | | ४ | ग)अन्य भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | ९७१२५६२३७।०० | | | | |
| | क) आन्तरिक राजस्व | ७१७९५७७।३५ | | ५ | लगानी | | |
| | ख) राजस्व बाँडफाँड ( संघ) | ८६०१०९४६।९ | | | ऋण लगानी | | |
| | ग) राजस्व बाँडफाँड | ३६७९२६९।१२ | | | शेयर लगानी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (प्रदेश) | | | | | | |
| | घ) राजस्व बाँडफाँड (स्थानीय) | २५५८२७।०० | | | अन्य लगानी | | |
| | वित्तीय हस्तान्तरण संघ | | २९५७८९३८६।०० | | | | |
| | क) वित्तीय समानीकरण अनुदान | ७८३०६००।०० | | ६ | धरौटी फिर्ता | १३५७६७१।०० | १३५७६७१।०० |
| | ख) सशर्त अनुदान (चालु) | १९३४०३००।०० | | ७ | विभाज्यकोष खाताबाट बाँडफाँट (संघ) | ६७०६।०० | ६७०६।०० |
| | ग) सशर्त अनुदान (पूँजीगत) | १००००००।०० | | ८ | कोषफिर्ता | | |
| | घ) विशेष अनुदान (पूँजीगत) | ६७७६००।०० | | | | | |
| ३ | ङ) समपुरक अनुदान (पूँजीगत) | ७३०४३८६।०० | | ९ | मौज्दात | | २३०५८०५७।८८ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २३५८६२५४। | | क)बैँक मौज्दात (संचित कोष) | २२९८४५९९।७६ | |
| | क) वित्तीय समानीकरण अनुदान | ६८८४०००।०० | | | ख)बैँक मौज्दात (आन्तरिक राजस्व) | ७२६५८।१२ | |
| | ख) सशर्त अनुदान (चालु) | ५५०००।०० | | | ग)नगद मौज्दात (आन्तरिक राजस्व) | ८०।०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | ग) सशर्त अनुदान (पूँजीगत) | २४९८३६५।०० | | | संघीय शसर्त अनुदान फिर्ता (चालु) | २५५५०५२०५। २८ | २५५५०५२०५। २८ |
| | घ) विशेष अनुदान (पूँजीगत) | ४७५२९४।०० | | | संघीय शसर्त अनुदान फिर्ता (पूँजीगत) | ७३०६५०।०० | ७३०६५०।०० |
| | ङ) समपुरक अनुदान (पूँजीगत) | ८९००९४९।०० | | १० | संघीय विशेष अनुदान फिर्ता (पुँजीगत) | २४५४८१।०० | २४५४८१।०० |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | ११ | संघीय समपुरक अनुदान फिर्ता | १२०३८८।०० | १२०३८८।०० |
| ६ | अन्य ( विविध कोष खाता अन्तरगत) | | ९४२७२७१।९५ | १२ | प्रदेश सशर्त अनुदान फिर्ता (चालु) | १५१७५।०० | १५१७५।०० |
| | क)जिल्ला समन्वय समिति | | | १३ | प्रदेश सशर्त अनुदान फिर्ता (पुँजीगत) | ९०२५।०० | ९०२५।०० |
| | ख) सडक बोर्ड नेपाल | १९७५१३६।०० | | १४ | प्रदेश समपुरक अनुदान फिर्ता (पुँजीगत) | ५०२६३४।०० | ५०२६३४।०० |
| | ग) PLGSP | ३८०९९९।९८ | | १५ | धरौटी मौज्दात | ७६८५१८४।३१ | ७६८५१८४।३१ |
| | घ) युनिसेफ नेपाल | ८३०६०।०० | | १६ | कोष खाताको मौज्दात | | ३६१६०८५।८४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | ङ) सामाजिक सुरक्षा-स्वास्थ्य तर्फको | ७२०००।०० | | | | | |
| | च) GIZ/GRAPE प्रोजेक्ट | ४०६८९०।०० | | | क)प्रकोप व्यवस्थापना कोष खाता मौज्दात | ३१२४।२ | |
| | छ) लागत साझेदारी-लघु उघम | ६३२४।०० | | | ख)विपद व्यवस्थापन कोष खाता मौज्दात | | |
| | ज) लागत साझेदारी-कृषि | १३८८३९५।९७ | | | ग)विविध कोष खाता मौज्दात | १५६२६१२।०० | |
| | | | | | घ)कर्मचारी कल्याण कोष खाता मौज्दात | २०५०३५१।४४ | |
| | | | | १७ | विभाज्यकोष खाताको मौज्दात | १९२९५३।०० | १९२९५३।०० |
| ७ | प्रकोप व्यवस्थापन कोष | | | | | | |
| ८ | विभाज्यकोष खाता आम्दानी (स्थानीय बाँडफाँट बाहेक) | २६००१३।०० | २६००१३।०० | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | विषयगतनिकायबाट प्राप्त | | | | | | |
| १० | धरौटीआय | ४४६४३९२।०० | ४४६४३९२।०० | १८ | अन्तरसरकारी वित्तीय हस्तान्तरण खर्च | | ६२५१९७२८।०० |
| ११ | लगानीको साँवा फिर्ता | | | क) | सामाजिक सुरक्षा तथा संरक्षण | ६२१०५२३८।०० | |
| १२ | अन्य विविध आय | | | ख) | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४१४४९०।०० | |
| १३ | कर्मचारी कल्याण कोष | ५००००।०० | ५००००।०० | | | | |
| १४ | अन्तरसरकारी वित्तीय हस्तान्तरण तर्फ | | ६२५१९७२८।०० | | | | |
| क) | सामाजिक सुरक्षा तथा संरक्षण | ६२१०५२३८।०० | | | | | |
| ख) | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४१४४९।०० | | | | | |
| | जम्मा | ५२९९९४४४९।८४ | ५२९९९४४४९।८४ | | जम्मा | ५२९९९४४४९।८४ | ५२९९९४४४९।८४ |

**(ज) लेखापरीक्षणको क्रममा असुली:-** लेखापरीक्षणको क्रममा निम्नानुसार रु ६२९३२८।८६ असुल भई दाखिला भएको छ।

| सि.नं. | विवरण | दाखिला रु. |
|---|---|---|
| १ | नपाउने महंगी भत्ता ३ कर्मचारीले रू ७९२०।०० का दरले रू २३७६०।०० तथा वढी दैनिक भ्रमण भत्ता रू ४८००।०० समेत । | ३०८०८।०० |
| २ | सामाजिक सुरक्षा भत्ता खर्चको निष्क्रिय खातामा रहेको रू ५९८५२०।८६ मिति २०८१।१०।१७ मा बेरुजू खातामा दाखिला भएको छ। | ५९८५२०।८६ |
| | जम्मा | ६२९३२८।८६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

(रू.हजारमा)

| क्र.स. | बजेट उपशीर्षक | कुल खर्च (रू.) | त्रैमासिक खर्च रू. | | | | आषाढ महिनाको खर्च (रू.) |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पुँजीगत खर्चतर्फ | ९८७०५।६६ | ० | ८५०४।०१ | २५०९६।५७ | ६५१०५।०९ | ४००१२।९८ |
| | प्रतिशत | ५९.४१ | ० | ८.६२ | २५.४२ | ६५.९५ | ४०.५४ |

जस अनुसार यो वर्ष पुँजीगत खर्च रू.९ करोड ८७ लाख ५ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च भएको देखिएन। दोस्रो त्रैमासिकमा रू.८५ लाख ४ हजार अर्थात् ८.६२ प्रतिशत, तेस्रो त्रैमासिकमा रू.२ करोड ५० लाख ९६ हजार अर्थात् २५.४२ प्रतिशत र चौथो त्रैमासिकमा रू.६ करोड ५१ लाख अर्थात् ६५.९५ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू.४ करोड १२ हजार अर्थात् ४०.५४ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

३ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो ।

| **क्र.स** | **क्षेत्र** | **बजेट (रू.)** | **खर्च (रू.)** | **खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा)** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २८०९९०००।०० | १९५५३४८९।०० | ६९.५९ |
| २ | पूर्वाधार विकास | १०६९७०००।०० | ३४३३५५७।०० | ३२.१ |
| ३ | सामाजिक विकास | २४४७४५५००।०० | १९३५६००७७।६७ | ७९.०९ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १०६९७०००।०० | ३४३३५५७।०० | ३२.१ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ११६९२५५००।०० | १०५०१३७०२।८६ | ८९.८१ |
| **जम्मा** | | ४१११६४०००।०० | ३२४९९४३८३।५३ | ७७.४५ |

माथि उल्लेख भए अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी ८९.८१ प्रतिशत एवम् पूर्वाधार विकास र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा घटी ३२.१ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालीन तथा दीर्घकालीन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नुपर्दछ।

४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ।

५ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कूल आन्तरिक आयबाट रू. ७१७९५७७।३५ राजस्व बाँडफाँडबाट रू. ८९९४६०४३।००, अनुदानबाट रू. ३१९३७५६४०।०० तथा अन्य प्राप्ति रू. ९२७८९५७९ लगायत रू. १२०६७२७६७।०० प्राप्ति गरेकोमा चालुतर्फ रु.२८८७४६९४६।५३ तथा अन्यकोषतर्फको भुक्तानी रू. १२०६७२७६७।०० र पुँजीगततर्फ रू.९८७०५६६३।०० समेत रु. ५२९९९४४४९।८४ खर्च भएको छ। उक्त खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ६९.३२ प्रतिशत चालु र २३.६९ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

६ **खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.९ करोड ८७ लाख ५ हजार पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७ **सहकारीतर्फ**

७.१ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्रका २० वटा सहकारी संस्थाहरुमध्ये ५ वटा मात्रै एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण प्रविष्ट भएकोमा १५ वटा सहकारी संस्थाहरूको विवरण प्रविष्ट गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश नभएकोले सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

७.२ **समस्याग्रत सहकारी संस्थाः** स्थानिय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ (ख) मा पालिकाले सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गर्नेसक्ने व्यवस्था छ । पालिकाअन्तर्गत २० सहकारी संस्थाहरूमध्ये २ सहकारी संस्था निगाली विद्युत सहकारी संस्था, वडा नं.१ र भिजन कृषि सहकारी संस्था लि. वडा नं.३ समस्याग्रस्त

स्थितिमा रहेको पाइयो । उक्त दुई वटा सहकारी संस्थाहरूले मासिक रूपमा बैठक नबस्ने र त्रैमासिक प्रतिवेदन पालिकामा पेश नगरेको देखियो । पालिकाले पटक पटक पत्रमार्फत त्रैमासिक र बार्षिक प्रतिवेदन पेश गर्नको लागि पत्राचार गरेको भएता पनि उक्त सहकारी संस्थाहरूबाट प्रतिवेदन पेश गरेको देखिएन । पालिकाले नियमित रूपमा अनुगमन गरी सहकारी ऐन र नियमावली बमोजिम संञ्चालन एवम् व्यवस्थापन गराउनेतर्फ ध्यान पुर्याउनुपर्दछ।

८ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधामा रू.५८७८९९७।०० खर्च गरेको छ । उक्त खर्च पालिकाको आन्तरिक आय रू.७१७९५७७।३५ को ८१.८८ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनुपर्दछ।

९ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी बैठक भत्ता रू. ३८८५००।०० र कर्मचारीको बैठक भत्ता रू. २२२७५।०० समेत रू.४१०७७५।०० खर्च गरेको देखियो। जुन आन्तरिक आयको ५.७२ प्रतिशत पदाधिकारी तथा कर्मचारीको बैठक भत्ताको रुपमा खर्च लेखेको देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

१० **खेलकुद प्रशिक्षक**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायत ऐनमा तोकिएका पदमा बाहेक अन्य पदमा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ। ऐनको दफा ८३ मा स्थानीय तहले आफ्नो कार्यवोझ राजस्व क्षमता खर्चको आकार स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहको संगठन संरचना कायम गर्नुपर्ने र सोही संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारीको लागि चाहिने तलव भत्ता जस्ता सेवा सुविधाको लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने स्थायी र करार सेवाबाट पुर्ति गरिने दरवन्दी प्रस्ताव तयारी गरी स्वीकृत दरवन्दीमा तोकिएको प्रक्रिया पुरा गरी पदपुर्ति गर्नुपर्ने तथा स्थानीय तहको सेवा संचालनको लागि अस्थायी दरवन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। पालिकाले १ जना खेलकुद प्रशिक्षक नियुक्ति गरी प्रति महिना रू.२८३६३।५ का दरले बार्षिक रू. ३४०३६२।०० भुक्तानी गरेको छ। पालिकाले आफ्नो संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी स्पष्ट दरवन्दी समेत स्वीकृत नभएको अवस्थामा स्थायी रुपमा तलव भत्ता भुक्तानी हुने गरी खेलकुद प्रशिक्षक नियुक्ति गर्नु मनासिव देखिदैन। पालिकाले खेलकुद कार्यको कार्यबोझ र सोको लागि आवश्यक सम्भावित आयस्रोत समेत विश्लेषण नगरी, कार्यविधिबेगर पालिकामा खेलकुद प्रशिक्षणका नियमित काम समेत हुने स्पष्ट नगरी प्रशिक्षक नियुक्त गरेको मनासिब देखिएन। उक्त खर्च नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ३,४०,३६२ |

११ **विविध तथा सभा संचालन खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शीर्षकमा रू. १४९९९०६।०० र सभा संचालन शीर्षकमा रू. ६८२१७९।०० सहित रू.२१८२०८५।०० खर्च गरेको छ। जुन आन्तरिक आय रू. ७१७९५७७।३५ को ३०.३९ प्रतिशत हुन जान्छ। विविध खर्चलाई

आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानुपर्दछ।

## १२ सेवा प्रवाह

१२.१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१२.२ **सेवा प्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारिस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नुपर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउनुपर्दछ।

| **क्र.सं.** | **विवरण** | **जम्मा** |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | | |
| २ | जन्मदर्ता | ६६७ |
| ३ | मृत्युदर्ता | १०७ |
| ४ | बसाईसराई दर्ता | १६९ |
| ५ | विवाह दर्ता | २१४ |
| ६ | सम्बन्धविच्छेद दर्ता | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | | |
| ७ | कालोपत्रे सडक निर्माण | 0 |
| ८ | कालोपत्रे सडक मर्मत | 0 |
| ९ | ग्राभेल सडक निर्माण | ४८८५मि. |
| १० | ग्राभेल सडक मर्मत | 0 |

१२.३ **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र

टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको २५ गरी ३५ विवाद दर्ता भएकोमा १४ वटा फर्स्यौट भई २१ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १३ पदाधिकारी सुविधा तथा कर्मचारी व्यवस्थापन

१३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म २० पद पूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि अधिकृत, प्रशासकिय अधिकृत, प्रशासन सहायकस्तर पाँचौ, स्वास्थ्यतर्फको प्यारमेडिक्ससहित ४३ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ, रिक्त पदहरु नियमानुसार पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१३.२ **वडा सचिवको पदपुर्ति -** स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्वीकृत दरबन्दी बमोजिम पदपुर्ती हुनुपर्ने व्यवस्था छ । पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार छन्। रिक्त वडा सचिवहरुको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ६ | ६ | ३ | ३ |

पालिकामा ६ वडा सचिवको दरबन्दी रहेकोमा ३ सचिवको मात्रे पदपुर्ति भएकोमा ३ सचिवको पद रिक्त रहेको देखिन्छ । पालिकाले बाँकी ३ वडा सचिवको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१३.३ **तलवी प्रतिवेदन** – संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.१८० मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष पालिकातर्फ कर्मचारीको रू.१३५७३५१२।११ तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको रू.१२६७१२८४।६० सहित तलवी प्रतिवेदन पारित नगरी रू.२६२४४७९६।७१ तलव खर्च लेखिएकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

१३.४ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ तथा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी लगायत पदमा ८४ कर्मचारीहरु करारमा राखी रू.१७२१८४७५।०० खर्च लेखेको छ। उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएका देखिएन। प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

## १४ सेवा प्रवाहको अवस्था

१४.१ **निःशुल्क उपचार सहायताः** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचारमा आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा

उल्लेख छ । विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निःशुल्क उपचारको लागि यो वर्ष ९ महिला र १५ पुरुष गरी २३ विपन्न नागरिक, असहाय तथा जस्ता गरीबलाई अन्य अस्पतालमा सिफारिस गरेको देखिन्छ । वार्षिक कार्यक्रम अनुसार आर्थिक सहायता २ पटक गरी वितरण गर्न यस वर्ष यस गाउँपालिकावाट २१ जनाको लागि रु. ११७५०००।०० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धननको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ ।

| **क्रम** | **उपचारको किसिम** | **व्यक्ति संख्या** | **रकम रु हजारमा** |
|---|---|---|---|
| १ | मृगौला पीडित | ८ | ४४० |
| २ | क्यान्सर | ९ | ४९५ |
| ३ | मेरुदण्ड पक्षघात | ४ | २४ |
| | **जम्मा** | २१ | ११७५ |

१४.२ (४१४/२०८०-१०-२४):

**डकुमेण्टरी तयारीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा सरकारी कम खर्च गर्दा खर्चको सुनिश्चितता एकीन गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले विगत वर्षमै तयार गरेको डकुमेण्टरी मिति २०८१।८।२९ गते साँझ ४.२२ बजे वेभसाइट (https://churemun.gov.np) मा परीक्षण गर्दा रहेको पाइयो । बिगतमा राखेको डकुमेण्टरी अद्यावधिक नभएको जनाई गाउँपालिकाले यो वर्ष प्रेस क्लव नेपाल(स्थालेन ६१४६५१६२३) लाई डकुमेण्टरी तयारीको रू. ४९५०००।०० भुक्तानी गरेको पाइयो । उक्त नयाँ डकुमेण्टरी वेवसाइटमा समेत राखेको देखिएन । गाउँपालिकामा प्राप्त भैसकेको डकुमेण्टरी वेभसाइटमा राखी उपयोग गरेको जनिने प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९५,००० |

१४.३ **खर्चमा मितब्ययिताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा सुनिश्चित हुनुपर्ने विषय समावेश छ । गाउँपालिकाले यो वर्ष देहायका चालु प्रकृतिका शीर्षकमा खर्च गरेतापनि खर्चको प्रभावकारिता सुनिश्चित भएको देखिएन । यस्ता खर्चमा (वडा संख्या ६) मितब्ययिता कायम गरी प्रभावकारिता सुनिश्चित गर्नुपर्दछ।

| खर्च शीर्षक नं. | खर्च शीर्षक | खर्च रु | गतवर्षको खर्च रु |
|---|---|---|---|
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | २८४४७०६।०० | ३९१२१४४।०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३६५००००।०० | ४६६९५६४।०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ३०३०६७८।०० | ३२८१५८०।०० |
| २२७११ | विविध/ अतिथि सत्कार खर्च | १४९९९०६।०० | ६२५०००।०० |
| २८१४२ | घरभाडा | १२०००००।०० | ९५१२७५।०० |
| २८१४३ | सवारी भाडा | ५९६८००।०० | ८८२७००।०० |

१५ **आन्तरिक ब्यवस्थापन**

१५.१ **आन्तरिक नियन्त्रणः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्होराहरु

तपशिल बमोजिम रहेका छन् ।

**क) वजेट व्यवस्थापनतर्फः**

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दीर्घकालीन योजना तयार नगरेको ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको ।

**ख) खरिद व्यवस्थापन तर्फः**

• गाउँपालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि प्रभावकारी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा अक्षरशः पालनामा जोड नदिएको ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मूल्यांकन नगरेको ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र व्यवस्थित अभिलेख नराखेको ।

**ग) शिक्षातर्फः**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गर्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

**घ) विविध तर्फः**

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गरी र विल मात्र राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. म. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख अद्यावधिक नराखेको ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

• साविकमा अनुदान दिइएका कार्यक्रम तथा योजनाको वस्तुपरक मूल्यांकन नगरेको। अनुदान दिएपछि निरन्तर मूल्यांकन नगरेको ।

• गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक तथा सामुदायिक भवन पहिचान तथा उपयोग गरी घरभाडा खर्च रू. १२०००००।०० नियन्त्रण नगरेको । (यो आर्थिक वर्ष २०८१।८२ मा घरभाडामा विनियोजन नगरेको)

• गाउँपालिकाले कर तिर्न आएकासँग कर संकलन गरेतापनि करदता पहिचान गरी कर संकलनमा ध्यान नदिएको ।

• गाउँपालिका क्षेत्रमा जग्गाधनीले जग्गा बाँझो राख्ने कार्यमा निरुत्साहित गर्न सुन्तला, किवी खेती प्रवर्द्धन तथा कृषि तथा पशुपालनमा जोड, वढी कर लगाउने, समेतका उपायमा ध्यान नदिएको ।

• प्राप्त जिन्सी निरीक्षण फारममा उल्लिखित रू. ११३९४०७।०० मूल्यको ३ सफ्टवेयर तथा रू. ७३७०१७६।०० मूल्यका २४ थान डिपिआरको उपयोग अवस्था खुल्ने विवरण तयार नगरेको ।

गाउँपालिकाले उल्लिखित ब्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, भरपर्दो र विश्वसनीय बनाउनुपर्दछ ।

१५.२ **कर्मचारी भर्नाः** निजामती सेवा ऐन, २०४९ तथा सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन २०७९ अनुसार ओएण्डएम सर्भे गरी स्वीकृत दरवन्दीका पदमा प्रतिस्पर्धात्मक परीक्षाबाट कर्मचारी छनौट गर्नुपर्ने ब्यवस्था छ । ओएण्डएम सर्भे नगरी गाउँ सभाको २०८०।३।२८ को ले निर्णयले यो वर्ष मात्र कार्यालय सहयोगी लगायतका देहायका ८ पदमा प्रतिस्पर्धा बेगर कर्मचारी नियुक्त गरी रु २४१९०००।०० खर्च लेखेको छ । छलफलका क्रममा गाउँपालिकाले आवश्यकताका आधारमा कर्मचारी राख्नु परेको जनाएको छ । गाउँपालिकाले यसरी कर्मचारी थप गर्ने गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | पद तथा नामथर | मासिक रु. | यो वर्षको भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सकअ सुवास रजवार | ३२०००।०० | ३८४०००।०० | ज्यालादारी |
| २ | सकअ राम भाट | ३२०००।०० | ३८४०००।०० | ज्यालादारी |
| ३ | कार्यालय सहयोगी गणेश बम | २३०००।०० | २९९०००।०० | करार |
| ४ | कार्यालय सहयोगी गोपाल बम | २३०००।०० | २९९०००।०० | करार |
| ५ | ब्याकहो लोडर अपरेटर गणेश पुन | २३०००।०० | २९९०००।०० | करार |
| ६ | एम्वुलेन्स ड्राइभर चक्रवहादुर साह | २३०००।०० | २९९०००।०० | करार |
| ७ | पाले प्रताप धामी | २३०००।०० | २९९०००।०० | करार |
| ८ | स्वीपर दिपा खडायत | १३०००।०० | १५६०००।०० | ज्यालादारी |
| | | जम्मा रु | २४१९०००।०० | |

१५.३ **आन्दानी दाखिलाको प्रविष्टिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८६ मा आन्तरिक आयको संकलन भौचर उठाउनुपर्ने ब्यवस्था छ । गाउँपालिकाले आन्तरिक आय रू. ७२६५८।१२ म्यानुयल्ली संकलन गरी दाखिला गरेकोमा आम्दानी बाँधेको गोश्वरा भौचर उठाएको पाइएन । उक्त रकम प्राप्त गर्दाको आम्दानी विवरण प्रमाणित गरी आम्दानी बाँधेको जनिने प्राप्त रकमको कच्चावारी सहित गोश्वरा भौचर तयार गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७२,६५८.१२ |

१५.४ **नापी खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा खर्चको सुनिश्चितता हुनुपर्ने ब्यवस्था छ। गाउँपालिकाले राष्ट्रिय भूमि आयोग तथा सुकुम्वासी समस्या समाधान आयोगको काममा सहयोग गर्न भनी यो वर्ष देहाय अनुसार जग्गाको नापी कार्यमा सर्भेक्षक २ तथा अमिन ४ समेत ११ कर्मचारी राखी रु २६०२२३६।०० खर्च गरेको पाइयो । गाउँपालिका भित्र रहेका भूमिहीन तथा सुकुम्बासीको लगत अद्यावधिक नगरेको तथा राष्ट्रिय भूमि आयोग तथा सुकुम्वासी समस्या समाधान आयोग पटकपटक गठन र विघटन गरेको अवस्थामा बिगतदेखि नै नापी कार्य शुरु गरेको जनाई गाउँपालिकाले यो वर्ष २ टोली बनाई २०८० पुषसम्म ६९१ आवादी कित्ताको क्षेत्रफल २२३७८६८ वर्गमिटर सहित ७४१ कित्ताको २४८७६४० बर्गमिटर जमिन नापनक्सा गरेको प्रगति विवरण तयार गरेको छ । गाउँपालिकाले २०८१ आषाढ सम्मको नाप नक्सा गरेको प्रगति विवरण अद्यावधिक गरेको देखिएन । यसरी जग्गा नापी कार्यमा खर्च गरेतापनि हालसम्म उद्धेश्य अनुरुप भूमिहीन तथा सुकुम्वासीलाई जग्गा वितरण गरेको पाइएन । नापी खर्चको उपयोग भएको नदेखिएको तथा गाउँपालिका भित्र भूमिहीन तथा सुकुम्बासीको लगत अद्यावधिक नगरी भएको खर्च मनासिब मान्न सकिएन। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | पद र नामथर | खुद खर्च रु | कैफियत |
|---|---|---|---|
| १ | सर्भेक्षक जय बोगटी | ३८६८४९।०० | करार |
| २ | सर्भेक्षक दधिची जोशी | ३९०७४९।०० | करार |
| ३ | अमिन ईश्वरी भट्ट | ३७५५१९।०० | करार |
| ४ | अमिन लोकेन्द्र वहादुर वोहरा | ३९०२५५।०० | करार |
| ५ | अमिन कलक घर्ती | ३७२३१४।०० | करार |
| ६ | अमिन विक्रम जाग्री | ६८६५५।०० | ज्यालादारी |
| ७ | अमिन जगदिश साउद | ६८६५५।०० | ज्यालादारी |
| ८ | चेनम्यान जनक वहादुर सिंजाली | ६८६५५।०० | ज्यालादारी |
| ९ | चेनम्यान भक्ती आचार्य | २७४६२०।०० | ज्यालादारी |
| १० | चेनम्यान लोकेन्द्र साउद | १३७३१०।०० | ज्यालादारी |
| ११ | चेनम्यान दीर्घ साउद | ६८६५५।०० | ज्यालादारी |
| | जम्मा | २६०२२३६।०० | |

१५.५ **प्रति विद्यार्थी खर्चः** शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ अनुसार पहाडी जिल्लामा प्रत्येक कक्षामा ४५ विद्यार्थी हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहाय अनुसार कम विद्यार्थी संख्या भएका विद्यालयमा खर्च गरेको छ । विद्यार्थी संख्या, विद्यालयको आवश्यकता हेरेर विद्यालय गाभ्ने तथा खारेज गर्ने सम्मका कारवाही गरी खर्चमा किफायतीपन दर्शाउनुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | खर्च रू. | प्रति विद्यार्थी खर्च रू. | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | आदर्श आ वि चुरे-१ बजाडी | १ | १५ | ४६५३३५।०० | ३१०२२।०० | १:१५ |
| २ | आदर्श आ वि चुरे-३ सालघारी | ३ | २१ | १६१११८६।०० | ७६७२३।०० | १:७ |
| ३ | कालिका आ वि चुरे-४ भुजे | ३ | २८ | १४९६४४५।०० | ५३४४४।०० | १:९ |
| ४ | कालिका आ वि चुरे-१ जिरेतोला | १ | २५ | ४७७२०६।०० | १९०८८।०० | १:२५ |
| ५ | जनजागृति आ वि चुरे-१ चिलोट | १ | १५ | ४७३०३३।०० | ३१५३६।०० | १:१५ |

१५.६ **प्रशासकीय भवन र खेलकुद मैदानः** सुशासन ऐन, २०६४ अनुसार सेवा प्रवाह व्यवस्थित गर्न कार्यालय भवनको प्रबन्ध गर्नुपर्ने ब्यवस्था छ। गाउँपालिकाको प्रशासकीय भवन तयार भएको पाइयो। गाउँपालिकाले खेलमैदान तयार गरेको पाइएन। नियमानुसार पालिका स्तरीय खेलमैदान तयार गर्नुपर्दछ ।




## १६ पेश्की व्यवस्थापन

१६.१

**म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायको कर्मचारीलाई दिएको पेश्की रू.१२,३३,०००।०० सुत्रमा म्याद ननाघेको देखिएको छ। उक्त पेश्की नियम अनुसार फस्यौंट गर्नुपर्दछ।

| क्र.सं. | विवरण | निर्माण व्यवसायी र कर्मचारीकोनाम,थर | पद | फस्यौंटगर्नुपर्ने मिति | पेश्की बाँकी (रू.) |
|---|---|---|---|---|---|
| १ | प्रशासनीक भवन निर्माण वार्ड न ४ | कालीमाईकन्स्ट्रक्सन | | २०८१।१०।३० | ११७८००० |
| ३ | पदाधिकारी बैठक भत्ता | कृष्णबहादुर भाट | सूचनाप्रबिधि अधिकृत | २०८१।०४।२८ | ५५००० |
| जम्मा रू. | | | | | १२३३००० |

१६.२ **म्याद नाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रू.६६१४३५७।०० बाँकी रहेको देखिन्छ। म्याद नाघेको फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्दछ।

| क्र.सं. | विवरण | पेश्की लिने संस्थाको नाम | पेश्की फस्यौंट मिति | पेश्की बाँकी (रू.) |
|---|---|---|---|---|
| १ | गाउँ भासु विद्युत विस्तार | नेपाल विद्युत प्राधिकरण धनगढी वितरण केन्द्र | २०८१।०३।३१ | ६९३०९९ |
| २ | बिद्युत विस्तार चुरे ६ | नेपाल विद्युत प्राधिकरण धनगढी वितरण केन्द्र | २०८१।०३।३१ | १९८९६७० |
| ३ | मिलनपुरदेखि चोट्टे सम्म विद्युत विस्तार | नेपाल विद्युत प्राधिकरण धनगढी वितरण केन्द्र | २०८१।०३।३१ | १०००००० |
| ४ | वडाअन्तर्गत विधुत विस्तार | नेपाल विद्युत प्राधिकरण धनगढी वितरण केन्द्र | २०८१।०३।३१ | २५०००० |
| ५ | केदार मन्दिर घेरवार योजना | श्री केदार मन्दिर निर्माण उपभोक्ता समिति | २०८१।०३।३१ | १००००० |
| ६ | बिद्युत विस्तार | ने.वि.प्रा.सामुदायिक ग्रामीण विद्युतीकरण विभाग | २०८१।०३।३१ | २४३४५८८ |
| ७ | बिपन्न नागरिकहरुको लागी स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन | सुन्दर लाल चौधरी | २०८१।०२।२८ | १४७००० |
| जम्मा रू. | | | | ६६१४३५७ |

| पेश्की | ६६,१४,३५७ |
|---|---|

१७ **आय तथा राजश्व व्यवस्थापन**

१७.१ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदान (रू.) | आन्तरिक आय (रू.) | आन्तरिक आय (प्रतिशत) |
|---|---|---|
| ४०९३२१६८३।०२ | ७१७९५७७।३५ | १.७५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७५ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

१७.२ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू.१ करोड आय प्राप्त गर्ने अनुमान गरेकोमा रू.७३ लाख ७२ हजार आय प्राप्त गरेको छ। अर्थात अनुमानको ७३.७२ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रणालीको विकास हुनुपर्दछ।

| क्र.सं. | आम्दानी शीर्षक | आय अनुमान (रू.) | संकलित राजश्व (रू.) |
|---|---|---|---|
| १ | सम्पत्ति कर | २.५०.०००।०० | ४९,७०२।८३ |
| २ | भुमिकर/ मालपोत | २,७५,०००।०० | ५,२१,२९८।६३ |
| ३ | वहाल कर | ४,२५,०००।०० | ५,३०,४८६।०० |
| ४ | परीक्षा शुल्क | १,२५,०००।०० | २५५००।०० |
| ५ | अन्य प्रशासनिक सेवाशुल्क | १,५०,०००।०० | ४,८२,९८४।८५ |
| ६ | नक्सापास दस्तुर | १२,७५,०००।०० | ८०००।०० |
| ७ | सिफारिस दस्तुर | ५,२५,०००।०० | १३,५५,७०५।०० |
| ८ | व्यक्तिगत घटना दर्तादस्तुर | २,७५,०००।०० | १,६५,४५०।०० |
| ९ | नाता प्रमाणित दस्तुर | १,५०,०००।०० | ३२७५०।०० |
| १० | अन्य दस्तुर | ४,२५,०००।०० | १,९९,१०८।५० |
| ११ | व्यवसाय रजिष्ट्रेशनदस्तुर | ४,७५,०००।०० | ३,३३,५५५।०० |
| १२ | अन्य राजस्व | ५६,५०,०००।०० | ७,३६,७६०।२४ |
| जम्मा | | १,००,००,०००।०० | ७१,७९,५७७।३५ |

१७.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था छ। पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क रू. ३३३५५५।०० सङ्कलन गरेकोमा

पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्नसक्ने अवस्था छैन। तसर्थ, पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।

१८ **करार कर्मचारीलाई महंगी भत्ता**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२१ को परिपत्र अनुसार सवै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दी भित्र करारका कर्मचारीहरुलाई महङ्गी भत्ता दिने व्यवस्था छैन। पालिकामा करारमा कार्यरत निम्न ५ जना कर्मचारीहरूलाई मासिक रू.२०००।०० का दरले मंहङ्गी भत्ता रू. २००००।०० भुक्तानी भएको छ। उक्त रकम सम्वन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रू.

| **क.सं.** | पद | कर्मचारीको नाम | भुक्तानी अवधि | महङ्गिभत्ता |
|---|---|---|---|---|
| १ | सुचना अधिकृत | कृष्ण बहादुर भाट | २०८० श्रावण देखि पौष सम्म ६ महिना | १२०००।०० |
| २ | कृषि तथा पशु प्राविधिक | खगेन्द्र बहादुर बोहरा | २०८० श्रावणदेखि कार्तिकसम्म ४ महिना | ८०००।०० |
| जम्मा | | | | २००००।०० |

| असुल गर्नुपर्ने | २०,००० |
|---|---|

१९ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५ ,९६ तथा ९९ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने ६ महिना भित्र सक्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा पाम्स मा सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सामानहरुको अवस्था अनुसारPublic Asset Management System (PAMS) मा प्रविष्टि गरेको पाइएन । अनिवार्य रुपमा पाम्समा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- कार्यालयले Public Asset Management System (PAMS) मा प्रविष्टि गरी सहायक जिन्सी खाता तयार गर्नुपर्नेमा Manual रुपमा तयार गरेको छ।
- पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार रिभल्भिङ्ग चेयर, काठको कुर्ची, टेवल, सोलारसेट,

कम्प्यूटर, फ्रिज, ल्यापटप, प्रिन्टर, स्टिल दराज, लगायतका १४२ मालसामान मर्मत गर्नुपर्ने निरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२० **अनुगमन, मूल्यांकन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा अनुगमन खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष अनुगमन तथा भ्रमणमा रू. ३६५६९१५।०० खर्च गरेको छ। अनुगमनमा छुट्याएको रकम भ्रमणमा अधिक मात्रामा खर्च भएको छ। अनुगमन पश्चात तोकिएको ढाचाँमा प्रतिवेदन पेश वेगर भुक्तानी गरेको छ। अनुगमनको प्रभावकारितालाई ध्यान राख्दै खर्च शीर्षकको परिधिभित्र रही औचित्य पुष्टि हुनेगरी मितव्ययी रुपमा खर्च हुनुपर्दछ ।

२१ **भ्रमण खर्च**

सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण र अनुगमनमा रू. २०४०८४२।०० खर्च गरेको छ। अत: स्पष्ट प्रयोजन र उद्देश्य वेगर अधिकांश ७ दिनको समयावधि राखी भ्रमण खर्च गरेको अवस्थावाट भ्रमण खर्चको उच्चतम उपयोग भएको छ भनी विस्वस्त हुने अवस्था रहेन। तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने व्यवस्था हुनुपर्दछ।

२२ **कार्यक्रम खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वय नियमावली, २०७७ को नियम ३९ (७)मा सरकारी निकायबाट तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ। कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष महिला कृषक समूहलाई सहायता, सांस्कृतिक कार्यक्रम संचालन, क्षेत्र लक्षित कार्यक्रम तथा अभिमुखिकरण र अन्तर्क्रिया लगायतको कार्यक्रममा रू ४५४२२७७।४५ खर्च गरेको छ। जुन आन्तरिक आय रू ७१७९५७७।३५ को ६३.२७ प्रतिशत हुन आउँछ। अतः पालिकाबाट संचालित कार्यक्रमहरुको प्रभावकारिता कायम हुनुपर्दछ ।

२३ **इन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई तिकिएको परिमाणमा इन्धन उपलव्ध गराउन सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे २२ थान, एम्बुलेन्स २ थान, व्याकहोल्डर, पिक अप जिप एक एक थान रहेकोमा इन्धन कार्यालय प्रयोजन शीर्षकमा रू. ३६५००००।००, इन्धन अन्य प्रयोजनमा रू १०८०००।०० तथा इन्धन खर्च शीर्षकमा रू ९९१०००।०० गरी रू ४७४९०००।०० खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको इन्धनको अभिलेख तथा एम्बुलेन्स, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले इन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। कुपन सिस्टमबाट इन्धन वितरणको अभिलेख व्यवस्थित राखेको पाइएन। इन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पूर्ण रुपमा प्रयोग मार्फत व्यवस्थित अभिलेखाङ्कन गरी इन्धन खर्चलाई मापदण्डमा आधारित बनाउपर्दछ ।

२४ **महसुल जरिवाना**

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०८० को नियम ३८ अनुसार खर्चका विल भरपाई सहित त्यसलाई पुष्टयाई गर्ने कागजात सहितको लेखा राख्नुपर्ने र भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले समयमै बिद्युत, खानेपानी महशुल र सवारी साधनको शुल्क तथा विमा नविकरण बुझाई छुट लिनुपर्नेमा ढिला गरी रू ३८०७५।०० जरिवाना देहायको गो.भौ.नं. बाट भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| गो.भौ.नं. | विवरण | खर्च रू |
|---|---|---|
| ३७, ३७५, ६१०, ११०५ लगायत | बिद्युत | १७१००।०३ |
| १७०, ५५६, ७२८ लगायत | विमा | २०९७५।०० |
| जम्मा | | ३८०७५।०३ |

| | |
|---|---|
| अनियमित भएको | ३८,०७५.०३ |

२५ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे २२ थान, एम्बुलेन्स २ थान, ब्याकहोल्डर र पिक अप जिप एक एक थान रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रू ३३५५०६३। ०० खर्च गरेको छ। जुन आन्तरिक आय रू. ७१७०५७७।३५ को ४६.७८ प्रतिशत हुन जान्छ। मर्मतलाई मितव्ययी बनाउन अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सवारी साधन | संख्या | खर्च रू. |
|---|---|---|
| पिक अप जिप | १ | ५८८०२८ |
| ब्याकहो लोडर | १ | ७५२०५७ |
| एम्बुलेन्स | २ | ७५८३१४ |
| मोटरसाइकल | २२ | १२५६६६४ |
| जम्मा | | ३३५५०६३ |

२६ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ। कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्नसक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारिस व्यक्तिको खरिद गर्नसक्ने क्षमताको मूल्यांकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनुपर्दछ। पालिकाले कार्यक्रम बनाउँदा उत्पादनमुखी पुँजीगत कार्यक्रम तयार गरी वितरणमुखी बनाउने कार्यलाई नियन्त्रण गरिनुपर्दछ। यसको केही उदाहरण निम्न छ।

| गो भौ र मिति | कार्यक्रमको नाम | वितरण सामग्री | वितरण संख्या | खर्च रू |
|---|---|---|---|---|
| १०७।०८०।०७। २४ | अपांग लक्षित कार्यक्रम वडा २ | बल्याङकेट | २५ | ४९३३४ |
| १०४।०८०।०७। २४ | जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा २ | बल्याङकेट | २५ | ४९३३४ |
| ४३४।०८०।१०। २५ | जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा ४ | बल्याङकेट | २२ | ४८२८२ |
| ४४४।०८०।१०। २६ | जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा ६ | बल्याङकेट | ५० | ९८३९८ |
| जम्मा | | | | २४५३४८ |

२७ **बढी भुक्तानी** (३४८-२०८०-८-२०):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१७,८५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२८ **घर भाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रकको कार्यालय को सूचनापाटीमा कम्तीमा ७ दिनको अवधिका सूचना टाँसगरी घरभाडाको प्रस्ताव माग गर्नुपर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष वडा कार्यालाय, स्वास्थ्य कार्यालय प्रयोजनको लागि घर भाडामा रू १२०००००।०० भुक्तानी गरेको पाइयो। घरभाडामा लिदाँ घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ।

२९ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले उल्लिखित कानुनी व्यवस्था बमोजिम सार्वजनिक परीक्षण भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

३० **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन नगरी गरिएको निम्नानुसार खर्च रू. ३८९४०७।०० मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार वढ्दै जाने देखिएकाले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ न मिति | विवरण | खर्च रू |
|---|---|---|
| ७०।०८०।०७।२१ | प्रहरी चौकी, घरखेडा, चुरे कैलाली | ३८३७०।०० |
| ९१।०८०।०७।२३ | मिलन युवा क्लव | २५०००।०० |
| ३३९।०८०।१०।०७ | नेपाल खेलकुद महासंघ सुदूर पश्चिम प्रदेश कमिटि | २५०००।०० |
| ५०९।०८०।११।१४ | नेपाल रेडक्रस सोसाइटी | १०००००।०० |
| ५१०।०८०।११।१४ | मानव सेवा आश्रम | १२३१८२।०० |
| ५२६।०८०।११।१८ | केदार ज्योतिपुञ्ज बहुमुखी क्याम्पस | १००००।०० |
| ६५४।०८१।०१।१० | कैलाली जिल्ला खेलकुद समिति | १००००।०० |
| ७११।०८१।०१।२६ | गाउँपालिका राष्ट्रिय महासंघ नेपाल | ३००००।०० |
| ७७०।०८१।०२।०३ | नेपाल बुद्धीजीवी परिषद | २००००।०० |
| ८८६।०८१।०३।०५ | नेपाल मगर संघ | १५०००।०० |
| ११५४।०८१।०३।२४ | नेपाल राष्ट्रिय शिक्षक संगठन | १००००।०० |
| जम्मा | | ४०६५५२।०० |

३१ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने तथा नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गरी नियम ८ मा खरिद योजना बनाउँदा खरिदको सम्भावित प्याकेज बनाउँनुपर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै सम्झौताबाट हुन सक्ने, नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले पटक पटक गरी रू ३३७५२२४।०० को कार्यालय मालसामान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनुपर्दछ।

३२ **सवारी साधन भाडा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा सवारी साधन भाडा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष अन्य सवारी साधन भाडामा लिई रू. ७३०८००।०० खर्च गरेको छ। भाडामा लिएको सवारी साधनको प्रयोग गरेको मिति तथा सो को स्पष्ट प्रयोजन नखुलाई रकम भुक्तानी गर्ने गरेको छ। यस्तो खर्च मितव्ययी तथा औचित्यको आधारमा गर्नुपर्दछ।

३३ **विज्ञापन शुल्क**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनमा रू २२७६३७२।०० खर्च गरेको छ । सो रकम भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमूना छनोट गरी परीक्षण गर्दा तीन प्रतिशत हुने रू ३९४८४।१० बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको देखिएन। कार्यालयबाट विज्ञापन भुक्तानी गर्दा उल्लिखित वेहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

**(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,४८४.१ |

३४ **बढी भुक्तानी** (१०८-२०८०-७-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपदफा ५ मा सरकारी रकम खर्च गर्च गर्दा त्यस्तो खर्चलाई पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। गाउँपालिकाले ठगेन्द्र बहादुर पुलामी मगरलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा रू ३३०००।०० गर्नुपर्नेमा रू ३५४००।०० गरेको छ। उक्त बढी भएको रू २४००।०० ठगेन्द्र बहादुर पुलामी मगरबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४०० |

३५ **दाखिला बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा जिन्सी मालसामानको लगत राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका मालसामान खरिद गरेर सो को दाखिला प्रतिवेदन तयार गरेको पाइएन। खरिद सामग्रीको दाखिला प्रतिवेदनको प्रमाण पेश गर्नुपर्ने रू.

| गो भौ र मिति | विवरण | खर्च रू |
|---|---|---|
| ९७१।०८१।०३।१२ | विविध सामग्री खरिद | १४३४०।०० |
| १०१४।०८१।०३।१८ | वडा नं. ३ मा खेलकुद प्रतियोगिताको लागि सामग्री खरिद | १९००५।०० |
| १०६६।०८१।०३।२१ | श्री ग्वासी आधारभुत विद्यालयले शैक्षिक सामग्री खरिद | २००१००।०० |
| ११०१।०८१।०३।२२ | माहामाया स्क्रिन प्रिन्टबाट खरिद सामग्री | ८९०५५।३० |
| १२१०।०८०।०३।२४ | माइक्रोटेक प्रिन्टिङबाट सामग्री खरिद | १३१००।०० |
| १२१।०८०।१२।१४ (पुजिगततर्फ) | बेलघारी ज्ञानकेन्द्रका लागि सामग्रि खरिद | १०००००।०० |
| २१२।०८१।०२।२३ (पुजिगततर्फ) | समैजी आ वि मौरीलाई ल्यापटप र प्रिन्टर खरिद | ९९८५०।०० |
| २६४।०८१।०३।१७ (पुजिगततर्फ) | सहजपुर कृषि सहकारीलाई सामग्री खरिद | ८००००।०० |
| | जम्मा | ६१५४५०।३० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१५,४५०.३ |

३६ **सब-कन्ट्याक्टबाट काम**

सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा निर्माण वयवसायी वा सब-कन्ट्याक्टबाट गाराउन नपाइने व्यवस्था छ। पालिकाले पुँजीगत र प्रदेश सरकार हस्तान्तरित कार्यक्रमबाट देहाय अनुसार उपभोक्ता उसमितिको काम सब-कन्ट्याक्टबाट गराएको पाइयो। नियम अनुसार नभएको खर्च नियमित गर्नुपर्ने रू.

| गो भौ र मिति | उपभोक्ता समितिको नाम | निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको विल रु |
|---|---|---|---|
| १४।०८०।०८।१४ | बेलधारी- सिम्ति- रम्तोला- बाहुनपानी सडक मर्मत तथा सोलिङ उपभोक्ता समिति | कँडेल सुपर कन्सट्रकसन | ५६९९९९।५५ |
| ६०।०८०।१०।१६ | अस्थायी प्रहरी पोष्ट फिल्ड निर्माण उपभोक्ता समिति | काफलसैना कन्सट्रकसन प्रा.लि. | ४०६४१०।०३ |
| ११२।०८०।११।२३ | दाहालगडा खेलमैदान निर्माण उपभोक्ता समिति | विशेष चौधरी कन्सट्रकसन प्रा.लि. | ५५०२१८।१५ |
| २११।०८१।०२।२३ | भासु गाउँ कृषि सडक निर्माण उपभोक्ता समिति | आर आर एस कन्सट्रकसन | ५७२१६४।०० |
| २५५।०८१।०३।१२ | वन्नेखेडा -छकालेपानी -तितरे सडक निर्माण उपभोक्ता समिति | काफलसैना कन्सट्रकसन प्रा.लि. | ११०४३३१।०० |
| २५७।०८१।०३।१३ | शान्तीपुर देखि जन कल्यांण आ वि सम्मको सडक निर्माण उपभोक्ता समिति | बडिकेदार निर्माण सेवा प्रा.लि. | २२४४१५।१५ |
| २८१।०८१।०३।२१ | जिरेतोला-घरकाँजरा सडक निर्माण उपभोक्ता समिति | पनकन्या कन्सट्रकसन प्रा.लि. | १११५४३।०० |
| २४।०८१।०३।२४ | द्रोपट्टी चिरोट पर्यटन प्रवर्द्धन कार्यक्रम | कँडेल सुपर कन्सट्रकसन | ११४५३४९।६० |
| जम्मा रू. | | | ४६८४४३०।४८ |

| | |
|---|---|
| अनियमित भएको | ४६,८४,४३०.४८ |

३७ **कर कट्टी** (४९१-२०८०-११-८):

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३८ **कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यबस्था छ। पालिकाले पुँजीगत वजेट उप शीर्षकबाट देहाय अनुसारको निर्माण कार्यमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन। नियम अनुसार फोटो र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रू.

| गो भौ र मिति | विवरण | खर्च रू |
|---|---|---|
| ६।०८०।०७।१७ | खानीडाँडा र फलटोडे बजारमा बाटो मर्मत कार्य | १६५९८१।०० |
| ९।०८०।०७।२४ | देवेन्द्र कँडेल, प्रकाश छेडाल, लक्ष्मण पौडेललाई बाटो सफाई कार्यका लागि | १०८१२०।०० |
| | जम्मा | २७४१०१।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७४,१०१ |

३९ **पालिकास्तरीय खेलकुद कार्यक्रम**

सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद २ मा खरिद कारवाहिको तयारी अन्तर्गत खरिद योजना बनाई सोही अनुसार विधिवत रुपमा लागत अनुमान तयारी गरी ऐन नियमावलीमा तोकिएको खरिद विधि छनौट गरी खरिद गर्नुपर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष राष्ट्रपति रनिङ शिल्ड, अध्यक्ष कप तथा वडा अध्यक्षकप लगायतका खेलकुद कार्यक्रम अन्तर्गत खरिद योजना र लागत अनुमान वेगर सोझै व्यक्ति वा संस्थालाई पेश्कीको रुपमा रकम उपलव्ध गराई खेलकुदका सामग्री, खेलाडी तथा प्रशिक्षकको पोशाक, खाना खाजा तथा होटेल बास खर्च, यातायात खर्च शीर्षकबाट रू. २४२५८०८।०० खर्च गरेको छ। जुन आन्तरिक आय रू. ७१७९५७७।३५ को ३३.७९ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आवधिक योजनाले तय गरेको प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी दीर्घकालीन लक्ष्य प्राप्तिमा केन्द्रित हुनुपर्दछ।

४० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमलाई थप व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न सशर्त अनुदान निकासा सम्बन्धी प्रेश विज्ञप्ति २०७६ फागुन २ को बुँदा (५) )बमोजिम निर्णय गर्दा प्राथमिकताक्रममा परेका बहुसंख्यक सूचिकृत बेरोजगार व्यक्ति र प्राथमिकता क्रममा परेका आयोजना फरक फरक वडामा पर्न गएमा त्यस्ता बहुसंख्यक सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काममा खटाउने गरी कार्यपालिकाको निर्णयबाट त्यस भन्दा तल्लो प्राथमिकताक्रममा रहेका आयोजनाहरु समेत कार्यान्वयन गर्न सकिने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ५ वडामा ६ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यो बर्ष ७४ जनालाई रोजगारी उपलव्ध गराई रू.४९४३२००।०० लक्षित वर्गलाई औषतमा ६०.४० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाई पालिकाले कार्यपालिकाको निर्णय नगरी खर्च लेखेको छ। कार्यक्रम सञ्चालन निर्देशिका विपरीत छनौट संख्या फरक पारी खर्चगर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| वडा नं | सुचिकृत बेरोजगार संख्या | रोजगार रोजगारका लागि छनौट भएको संख्या | रोजगारी दिएको संख्या | वडागत छनौट फरक संख्या | रोजगार प्राप्त गरेको दिन | दैनिक ज्याला रु | कुल खर्चरु | प्रति व्यक्ति औसत रोजगारी आय | रोजगारी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६६ | १२ | ९ | ३ | १०० | ६६८ | ६०१२०० | ६६८०० | १३।६३ |
| २ | ११९ | ७ | ० | ७ | ० | ० | ० | ० | |
| ३ | १२२ | १२ | १२ | ० | १०० | ६६८ | ८०१६०० | ६६८०० | ९।८३ |
| ४ | ६३ | ४ | १२ | ८ | १०० | ६६८ | ८०१६०० | ६६८०० | ६।६४ |
| ५ | ८२ | ७ | १२ | ५ | १०० | ६६८ | ८०१६०० | ६६८०० | ८।५३ |
| ६ | १४५ | ३२ | २९ | ३ | १०० | ६६८ | १९३७२०० | ६६८०० | २२।४० |
| **जम्मा** | ७४ | ७४ | | २६ | | | ४९४३२०० | | ६०।४० |

४१ **पालिका कृषि अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरणमा वार्षिक कार्यक्रम अनुसार यो वर्ष पालिकावाट रु २०८१४३६।०० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनुपर्दछ ।

| गो भौ र मिति | अनुदानको किसिम | व्यक्ति/ फर्मसंख्या | खर्च रू |
|---|---|---|---|
| १०५।०८०।०७।२४ | विउविजन खरिद तथा वितरण | १३५ | ४९२२१ |
| ११७।०८०।०८।०६ | वालि संरक्षण विषादी खरिद तथा वितरण | ८६ | ९७३१८ |
| २१०।०८०।०९।११ | विषादी खरिद तथा वितरण | १६ | १२३१० |
| २१३।०८०।०९।११ | तरकारी विउ वितरण ७५% अनुदान | २९६ | ३६७४६२ |
| ६०८।०८०।१२।१३ | विउविजन खरिद तथा वितरण | १५ | ९८४५० |
| ६१६।०८०।१२।२० | दलित आयआर्जन बाख्रा (खरी) वितरण | १२ | ९८०८८ |
| ६१७।०८०।१२।२० | अपांग आयआर्जन बाख्रा (खरी) वितरण | १३ | ९८१९३ |
| ८२५।०८१।०२।२४ | विउविजन खरिद तथा वितरण | २२ | १९६९९८ |
| ८४१।०८१।०२।२८ | अपांग आयआर्जन बाख्रा (खरी) वितरण | १२ | १००८०० |
| ९१९।०८१।०३।०९ | जनजातिलाई आयआर्जन बाख्रा (खरी) वितरण ८५% अनुदान | १४ | २९४५४४ |
| ९८६।०८१।०३।१७ | जनजातिलाई आयआर्जन बाख्रा (खरी) वितरण (वडा २) | २२ | ४९११४९ |
| १०१३।०८१।०३।१८ | जनजातिलाई आयआर्जन बाख्रा (खरी) वितरण | १२ | ९८१०३ |
| १०२८।०८१।०३।१९ | दलित आयआर्जनको लागि विउविजन वितरण | ८० | ७८८०० |
| ११३९।०८१।०३।२४ | आदिवासी जनजातिलाई सुन्तला र आपको विरुवा वितरण | - | ४८६०८५ |
| जम्मा | | | २५६७५२१।०० |

## ४२ नाफामूलक संस्थालाई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। पालिकाले यो वर्ष त्रिमुर्ती कृषि सहकारी संस्था लिमिटेडलाई अनुदान रू १९६७११।०० उपलव्ध गराएको पाइयो । ऐन अनुसार नभएको उक्त खर्च नियमित नदेखिएको रू.

| अनियमित भएको | १,९६,७११ |
|---|---|

४३ **वितरणको भरपाई** (२१३-२०८०-९-११):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा नमूना छनौट गर्दा कार्यालयले रू ३६७४६२।०० तरकारी विउविजन खरिद गरी वितरण गरेको छ। कार्यालयले रू ५३३१५।०० देहायका विउविजनको बुझिलिएको भरपाई राखेको पाइएन। वितरण गरेको भरपाई तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा अधिकार प्राप्त अधिकारी र सम्बन्धित कर्मचारीबाट रू ५३३१५।०० असुल गर्नुपर्ने रू.

| क्र.स | कार्यक्रम/ बिउ | खरिद परिमाण | इकाई | भरपाई पेश | भरपाई बाँकी | दर रू | बाँकी रू |
|---|---|---|---|---|---|---|---|
| १ | प्याज | ७० | के जि | ४५ | २५ | ७२० | १८००० |
| २ | काउली | १२० | पाकेट | १०० | २० | ४५० | ९००० |
| ३ | वन्दा | १२० | पाकेट | १०० | २० | ४०० | ८००० |
| ४ | भेडे खुर्सानी | १२० | पाकेट | ९१ | २९ | २६० | ७५४० |
| ५ | अकबरे खुर्सानी | १२० | पाकेट | ९५ | २५ | १८० | ४५०० |
| ६ | NS खुर्सानी | १२० | पाकेट | १०६ | १४ | ३५० | ४९०० |
| ७ | काठमाडौं लोकल (काक्रो) | २०० | पाकेट | १७५ | २५ | ५५ | १३७५ |
| जम्मा | | | | | | | ५३३१५।०० |

| प्रमाण पेश नगरेको | ५३,३१५ |
|---|---|

४४ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजनमा विभिन्न व्यक्तिलाई रू २०००।०० देखि रू २५०००।०० गरी रू १४५०७५५।०० वितरण गरेको देखियो। जुन आन्तरिक आय रू ७१७९५७७। ३५ को २०.२० प्रतिशत हुन जान्छ। यस्तो खर्चलाई आन्तरिक आयको आकार सँग तादाम्यता कायम गर्दै खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्दै तोक आदेशबाट हुने खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

| क्र स | विवरण | भुक्तानी रू |
|---|---|---|
| १ | अध्यक्षको तोक आदेशको आधारमा | ९०५७५५।०० |
| २ | कार्यपालिकाको निर्णयको आधारमा | ५४५०००।०० |
| | जम्मा | १४५०७५५।०० |

४५ **मेला तथा दिवस व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम खर्च गर्दा उपलब्धि सुनिश्चित गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष मेला तथा दिवस व्यवस्थापन गर्दा देहाय बमोजिमका प्रयोजनमा रू ६६७४५५।

०० खर्च गरेको छ। जुन आन्तरिक आय रू. ७१७९५७७।३५ को ९.३१ प्रतिशत हुन जान्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। केही नमुना निम्नानुसार छ

| गो भौ र मिति | मेला तथा दिवस | खर्च रू |
|---|---|---|
| ८६।०८०।७।२६ | संविधान दिवस | ११९३९२ |
| ४३३।०८०।१०।२५ | राष्ट्रिय वाल दिवस | ३९७६० |
| ४३९।०८०।१०।२५ | तिज विशेष कार्यक्रम | १३५०० |
| ४९७।०८०।११।०८ | राष्ट्रिय वाल दिवस वडा १ | ९८९० |
| ५५८।०८०।१२।०१ | शिवरात्री मेला | १००००० |
| ५६३।०८०।१२।०२ | नारी दिवस वडा ५ | २९५०० |
| ५८४।०८०।१२।०५ | नारी दिवस वडा १ | २९८७५ |
| ५९२।०८०।१२।०६ | नारी दिवस वडा २ | ७८५९५ |
| ६२२।०८०।१२।२२ | नारी दिवस वडा ६ | २९५४९ |
| ८६०।०८१।०२।३१ | स्वास्थ्य सम्बन्धी दिवसहरु | १९३०६ |
| ९०२।०८१।०३।०६ | प्रजातन्त्र दिवस | ५९५९ |
| ११४०।०८१।०३।२४ | सडक नाटक | ९७४४० |
| ११५१।०८१।०३।२४ | धान दिवस | ९४६८९ |
| जम्मा | | ६६७४५५ |

४६ **खर्चको पुष्ट्याई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चलाई पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। लेखापरीक्षणका क्रममा देहायको खर्च लेख्दा पुष्ट्याई रहेको पाइएन । पुष्ट्याईको बेगरको दाखिला गर्नुपर्ने रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| गो भौ र मिति | विवरण | खर्च रु | कैफियत |
|---|---|---|---|
| २८०।०८१।०३।२१ | नमूना प्रगतिशिल आमा समूह भवन मर्मतउपभोक्ता समितिलाई | ५००।०० | निवेदन दर्ता नभएको र बहाल कर नतिरेको |
| २९६।०८१।०३।२२ | वडा नं ६ कार्यालयको बगैचा तथा ट्रस निर्माणउपभोक्ता समिति | ४६०८।०० | अग्रीम आयकर ३९०८।०० तथा बहाल कर रू ७००।०० |
| | जम्मा | ५१०८।०० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ५,१०८ |
|---|---|

४७ **भरपाई नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपदफा ५ मा सरकारी रकम खर्च गर्च गर्दा त्यस्तो खर्चलाई पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। नमूना छनौट गर्दा कार्यालयले देहायको खर्च लेख्दा अनुगमन प्रतिवेदन, सिफारिस पत्र, सक्कल विजक लगयात राखेको पाइएन। खर्च पुष्टी प्रमाण पेश गर्नुपर्ने अन्यथा अधिकार प्राप्त अधिकारी र सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रू

| गो भौ र मिति | विवरण | खर्च रु | कैफियत |
|---|---|---|---|
| १७।०८०।०८।२७ | दुदिरा मष्टाकन्सट्रकसन एण्ड सप्लायर्स प्रा.लि. लाई पैराठा-न्युरेसैनकोट-रानीभुकुडाँ तथा कुर्भे पल्लेवास सडक सफाइ कार्य | ४९७६६६।०० | वडा नं. ४ सडक सफाइ कार्यको अनुगमन प्रतिवेदन र सिफारीश पत्र |
| १८।०८०।०८।२७ | हुनिनाथ निर्माण सेवालाई भुजे मोटर बाटो निर्माण कार्य | ४९८२४२।०० | कोटेशन तथा निवेदनमा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद भट्टको हस्ताक्षर नभएको |
| ८३।०८०।११।०४ | शुक्र मा वि लाई रू १९४०००।०० भुक्तानी गर्दा रू १८३६।०० | १८३६।०० | विल भरपाई नपुगेको |
| ३२५।०८१।०३।२४ | सोयल सिमन्ट टंकी निर्माणउपभोक्ता समिति वडा नं. ५ | ५९१८००।०० | अनुगमन मिति नखुलेको र हस्ताक्षर नभएको |
| २६७।०८१।०३।१७ | विल नं एस बि-११९७ बाट भानु माविलाई | ८८३६।६० | सक्कल बिल नभएको |
| ३३९।०८१।०३।२३ | विल ८६५ बाट आरती इलेक्टर्निक्स सर्भिस सेन्टरलाई इन्टरनेट मर्मत शुल्क | १९५००।०० | सक्कल बिल नभएको |
| ३४२।०८१।०३।२४ | वडा नं ५ को छाना मर्मत कार्य | ३१७९५।०० | अनुगमन प्रतिवेदन, योजनाको फोटो, कार्यदिश, सम्झौता पत्र संलग्न नरहेको, तथा भुक्तानीको निवेदनमा तोक नलागेको |
| ३४१।०८१।०३।२४ | वडा नं ६ को बगैजा निर्माण कार्य | ४८५३०।०० | अनुगमन प्रतिवेदन, कार्यदिश र सम्झौता पत्र नरहेको |
| २५८।०८१।०३।२२ | विरेन्द्र सिंहलाई दैनिक भ्रमण भत्ता | ६३००।०० | भ्रमण विल स्वीकृत नभएको |
| | जम्मा | १७०४५०५।०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,०४,५०५ |

४८ **सामाजिक सुरक्षा भत्ता**

४८.१ **वर्गगत सामाजिक सुरक्षा खर्च -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता २ वित्तीय संस्थाबाट रु.६२१०५२३८।०० वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छ।

| सामाजिक भत्ता पाउने समूह | कायम संख्या | वितरण गरेको संख्या | कूल रु | वितरण गरेको रु | फिर्ता रु |
|---|---|---|---|---|---|
| जेष्ठ नागिरक अन्य | ९१५ | ९११ | ४२३८४२७६ | ४२३७६४४६ | ७८३० |
| जेष्ठ नागरिक दलित | ९६ | ९४ | २९१८०२० | २७९३०४० | १२४९८० |
| जेषठ नागरिक एकल महिला | १२६ | १२६ | ४२७८००० | ४२७८००० | ०० |
| विधवा महिला | २५३ | २५३ | ७३१०००० | ७३१०००० | ०० |
| पुर्ण अपाङ्ग क बर्ग | १६ | १६ | ७२९१३० | ७२६१८० | २९५० |
| अति अशक्त अपाङ्ग | १२१ | १२० | ३०६२१५८ | २८४८२३२ | २१३९२६ |
| बाल पोषण भत्ता दलित बालबालिका | २५० | २५० | १७७३३४६ | १७७३३४६ | ०० |
| **जम्मा** | १७७७ | १७७० | ६२४५४९३० | ६२१०५२३८ | ३४९६८६ |

सामाजिक सुरक्षा भत्ता पाउनेको अभिलेख अद्यावधिक गरी खर्चको अनुगमन गर्नुपर्दछ।

४८.२ **पारदर्शिता**- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ। कार्यालयले सो व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

४८.३ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्य गरेको पाइएन। यसतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ।

४८.४ **के वाइ सी अद्यावधिक नभएको** -सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । पालिकाले हरेक बर्ष खाता अद्यावधिक नगरी लाभग्राहीको खातामा रकम जम्मा गरेकोले बास्तविक लाभग्राही हुन होइनन एकीन गर्न सकिएन। व्यक्तिगत विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

४९ **सिकाई केन्द्रलाई अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी आर्थिक वर्ष २०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम न. २.७.१३.११ मा सामुदायिक सिकाई केन्द्रहरुलाई अनुदान उपलव्ध गराउन वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट तथा कार्यक्रम पारित भएको, गत आर्थिक बर्षको खर्च स्वीकृत भएको, लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको, शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेको, सिकाई केन्द्रको व्यवस्थापन समितिको निर्णय अनुसार परिचालकको हाजिरी प्रमाणित अभिलेख पेश गरेको हुनुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष निम्नानुसार सिकाई केन्द्रलाई रू २५००००।०० अनुदान उपलव्ध गराएको छ। उल्लिखित कागजात संलग्न नगरेकोले खर्च भएको सुनिश्चित हुन सकिएन। उक्त खर्चको पुष्ट्याई पेश गर्नुपर्ने रु.

| क.स. | सिकाई केन्द्रको नाम | खर्च रू. |
|---|---|---|
| १ | खैराला सामुदायिक सिकाई केन्द्र चुरे | २५००००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

५० **पालिका शिक्षक अनुदान**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता सशर्त अनुदानबाट उपलब्ध गराउने व्यवस्था छ। नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थीको अनुपात हिमालमा १:३०, पहाडमा १:३५ र तराई तथा काठमाडौँ उपत्यकामा १:४० हुनुपर्ने र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ को आधारमा शिक्षक दरबन्दी मिलान गरी अपुग भएमा जिल्लामा पुल दरबन्दीमा रहेका अन्य स्थानीय तहबाट मिलान गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष दरबन्दी मिलान नगरी स्वीकृत शिक्षक दरबन्दी अनुसारको पदपूर्ति भएको अवस्थामा समेत पालिकास्तरबाट नै तलब भत्ता उपलब्ध गराउने गरी ४४ विद्यालयमा ५८ नगर (अनुदान )शिक्षक नियुक्त गरी यो वर्ष रू. ५७०३३६६। ६७ खर्च गरेको छ। पालिकाको आन्तरिक आय रू. ७१७९५७७।३५ मात्र रहेकोमा दरबन्दी मिलान वेगर दीर्घकालीन दायित्व सिर्जना हुने शिक्षक नियुक्ति गरी तलब भत्ता खर्च लेख्नु उचित देखिदैन। पालिकाले वास्तविक शिक्षकको आवश्यकता पहिचान तथा दरबन्दी मिलानका थप प्रक्रियातर्फ पहल गरी वित्तीय हस्तान्तरणको रकमलाई विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

५१ **शिक्षा तर्फ**

५१.१ **अनुगमन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा भएको व्यवस्था अनुसार विद्यालयको खातामा रकम निकासा गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन।कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

| क स | विद्यालयलाई अनुदान | विद्यालय संख्या | खर्च रु |
|---|---|---|---|
| १ | पाठ्यपुस्तक अनुदान | ४९ | ३५४१९२६ |
| २ | छात्रवृत्ति अनुदान | ४९ | १०२९६०० |
| ३ | प्रति विद्यार्थी लागत अनुदान | ४९ | १४०२८०० |
| ४ | एकमुष्ट अनुदान | २ | २०००००० |
| जम्मा | | | ७९७४३२६।०० |

५१.२ **शीर्षकगत शिक्षा तर्फको खर्च**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा तोकियका शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले शिक्षा तर्फ देहायका शीर्षकहरुमा खर्च गरेको छ। खर्च गर्दा प्रक्रिया, खर्च गर्ने आधार र कार्यान्वियनमा एकरुपता कायम गरी प्रभावकारी ढङ्गले कार्यान्वियन गर्ने र विनियोजित शीर्षकगत बजेटको सही तरिकाले उपयोग गर्न पालिकाले ध्यानदिनु पर्दछ। शीर्षकगत खर्चको विवरण निम्नानुसार छः

**(विस्तृत विवरण बेरूजु दफा ५१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

५१.३ **शिक्षक दरवन्दी र पदपुर्ति**- स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तहमा सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। सबै बिद्यालयमा तोकिए अनुसार शिक्षक बिद्यार्थी अनुपात मिलाउनुपर्ने देखिन्छ

| **सि.नं** | **विद्यालयको संख्या** | **शिक्षक दरबन्दी** | **पदपुर्ति** | **पदपुर्ति मध्ये करार** | **विद्यार्थी संख्या** | **प्रति शिक्षक बिद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|---|
| १ | ४९ | १७८ | १७८ | ७ | ६८८२ | ३८.६६ |

५१.४ **बिद्यालय समायोजनः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गतका ४९ सामुदायिक विद्यालयमा १७८ शिक्षक दरवन्दी रहेकोमा पुरै शिक्षकको पदपूर्ति भएको छ । शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२ (क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्नसक्ने व्यवस्था छ । पालिका स्थित ४९ सामुदायिक विद्यालयमा ६८८२ जना विद्यार्थी अध्ययनरत रहेका छन । पालिकाले न्युन विद्यार्थी भएका बिद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५१.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१.५ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्थागरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरीलागू गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले सो सम्बन्धी कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

५१.६ **बालबिकास सहजकर्ता**- कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार एक जना बालविकास सहजकर्ताले औसतमा २५ बालवालिकालाई अध्यापन गराउनुपर्ने व्यवस्था छ। पालिकामा कुल ३१ बाल विकास केन्द्र संचालनमा भई इमिस (EMIS) विवरण अनुसार बाल विकास केन्द्रमा ६३९ जना बालबालिका रहेको देखिन्छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार ग्वासी र आदर्श बालविकास केन्द्रमा विद्यार्थीको संख्या न्युन रहेको छ। पालिकाले विद्यार्थी संख्या र सहजकर्ताको अनुपात मिलान हुनेगरी दरबन्दी समायोजन गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५१.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१.७ **EMIS अद्यावधिकः**शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/०८१ मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक लगायतका अनुदान निकासा दिदा EMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा निकासा दिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका

अधिकांश विद्यालयको EMIS विवरण अद्यावधिक रहेको देखिएन। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरिएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५१.८ **पाठ्यपुस्तक अनुदान**- आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था छ। सोही कार्यक्रमको बुदा नं. ३.१ को (५) मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थापनका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० सम्मको लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने र यसरी अनुदान दिँदा पहिलो पटक विद्यार्थी सँख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने तथा बाँकी अनुदान शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रोपटक अनुदान दिने व्यवस्था छ। पालिकाले २०८१ को शैक्षिक सत्रको लागि ४९ विद्यालयलाई रू.३५४१९२६।०० भुक्तानी दिएको पाइयो। पाठ्यपुस्तक वितरण सम्बन्धमा पालिकाबाट अनुगमन नभएको पाइएकोले पालिकाले त्यसतर्फ ध्यान दिनुपर्दछ।

५१.९ **स्यानिटरी प्याड**- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा EMIS अनुसार कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १ हजार ३ सय २७ जना मध्य पालिकाले सत्यापन गरेको विवरण अनुसार १ हजार २ सय ७२ जना छात्रा रहेका छन। उक्त कार्यविधि, २०७६ को अनुसूची-१ बमोजिम खरिद गरेका प्याडहरु तोकिए बमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नुपर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनु पर्नेमा पठाएको छैन। पालिकाले सेनिटरी प्याड खरिद प्रकियामा कार्यविधिमा तोकिएको मापदण्ड अनुसार विद्यार्थीको संख्यालाई यकिन गरी वास्तविकताको आधारमा १० महिना अवधिलाई पुग्ने गरी स्यानिटरी प्याडको खरिद तथा वितरणको व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

५१.१० **दिवा खाजा**- आर्थिक वर्ष २०८०/८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका कक्षा १ देखि ५ सम्मका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएअनुसारको दिवा खाजा उपलव्ध गराउने व्यवस्था छ। पालिकाले सशर्त अननुदानबाट कुल ४९ विद्यालयका लागि खाजा रू. ९३०२४६०।००विद्यालयको खातामा रकमा निकासा गरेको पाइयो। उक्त दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम EMIS र सत्यापनको डाटा अनुसार वितरण सम्बन्धमा पालिकाले अनुगमनतर्फ ध्यान दिनुपर्दछ।

## ५२ विद्यालयको लेखापरीक्षण

कार्यक्रम कार्यान्वियन पूस्तिका २०८०।८१ मा पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। आ.व २०७९।८० मा ४९ सामुदायिक विद्यालयमध्ये ४२ विद्यालयको लेखापरीक्षण गरी प्रतिवेदन पालिकामा वुझाएको छ। समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गराई लेखापरीक्षणमा देखिएका व्यहोरा उपर आवश्यक कारवाही गरी सुधार गर्नुपर्दछ।

## ५३ छात्रवृत्ति

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को बुँदा नं २.८.४ को क्रियाकलाप न् ७.२.१.१ को ४.२.३ मा गैरआवासीय छात्रवृत्ति प्राप्त गर्ने समुह तथा समुदाय उल्लेख गरेको छ। पालिकाले ५० विद्यालयका देहाय अनुसार छात्रा,अपाङ्ग,दलित र जनजाति बिद्यार्थीलाई

रू.१०२९६००।०० छात्रवृत्ति रकम विद्यालयको खातामा निकासा पठाएको छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रद्धनमा ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५४ **आइसिटी ल्याव स्थापना**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेसन तयार गरी खरिद गरिने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्टयाण्डर्ड र स्पेसिफिकेसन तोकीए अनुसार हुनुपर्ने व्यवस्था गरेको छ। पालिकाबाट निम्नानुसार विद्यालयहरुले खरिद गरेको उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेसनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चिता हुनुपर्दछ ।

| **सिं.नं.** | **विद्यालयको नाम** | **कार्यक्रम** | **खर्च रू.** |
|---|---|---|---|
| १ | श्री शिव माध्यमिक विद्यालय चुरे १ कैलाली | विज्ञान ल्याव स्थापना | ६५००००।०० |

५५ **स्वास्थ्य तर्फ**

५५.१ **शीर्षकगत स्वास्थ्य तर्फको खर्च-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा तोकिएका शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्य तर्फ देहायका शीर्षकहरुमा खर्च गरेको छ। खर्च गर्दा प्रक्रिया, खर्च गर्ने आधार र कार्यान्वयनमा एकरुपता कायम गरी प्रभावकारी ढङ्गले कार्यान्वियन गर्ने र विनियोजित शीर्षकगत बजेटको सही तरिकाले उपयोग गर्न पालिकाले ध्यानदिनुपर्दछ।शीर्षकगत खर्चको विवरण निम्नानुसार छः

**(विस्तृत विवरण बेरूजु दफा ५५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५५.२ **तलवी प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं. १८० मिति २०७६।०५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन गर्न परिपत्र गरेको छ। पालिकाले यो वर्ष स्वास्थ्य शाखामा कार्यरत २० स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रू. १२६७१२८४।६० तलव भत्तामा खर्च लेखेको छ। ऐन तथा परिपत्रमा व्यवस्था भएबमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ।

५५.३ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि कार्यालयले सार्वजनिक खरिद ऐन र नियमावली अनुसा तोकिएको स्पेसिकेसन अनुसार खरिद गरी गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गर्नुपर्ने व्यवस्था छ। यसपालिका अन्तर्गतरहेका बर्थिङ सेन्टरमा १९७ सुत्केरी भएकोमा गत वर्षको २३८ र यो बर्ष २५० थान खरिद गरी ४८८ थान मध्ये १९७ थान खर्च भई ३२१ थान न्यानो झोला मौज्दात रहेको छ। खरिद भएका त्यस्ता न्यानो झोलाहरु तोकिएको स्पेसिकेसन अनुसार गुणस्तरयुक्त भए नभएको यकिन गरेको देखिएन। तसर्थ, मौज्दात अनुसार माग र आवश्यकताको वस्तुनिष्ठ आँकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ।

५६ **कृषि पशु तर्फ**

५६.१ **कृषि पकेट तथा अनुदान कार्यक्रम-** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुयलको परिच्छेद-७ को ७.१ कृषि उत्पादन सामग्री विउवेर्ना तथा विरुवामा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउनसक्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको कार्यक्रमको लागत अनुमानका आधारमा कार्यक्रम सञ्चालन भए नभएको प्रगति प्रतिवेदन पेस गरेको छैन । पालिकाले कार्यक्रम संञ्चानको अनुगमन मुल्याङ्कन गरी कार्यक्रमको प्रभावकारिता सम्वन्धमा ध्यान दिनुपर्दछ।

| क्र.सं. | गो.भौ.नं.मिति | कार्यक्रम | खर्च रु | खरिद विधि | लागत प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ५८ / २०८०।०७।१६ | विउ मिनिकिट खरिद | ३५०००० | कोटेसन मार्फत | १०० % अनुदान |
| २ | २१३ / २०८०।०९।११ | विउविजन वितरण | ३७४९६२ | कोटेसन मार्फत | ५७ % अनुदान |
| ३ | ११६७ / २०८१।०३।२४ | प्लाष्टिक ड्रम वितरण | १७६७३३२ | कोटेसन मार्फत | ८५ % अनुदान |
| ४ | ३०९ / २०८१।०३।२३<br>३ / २०८१।०३।२३ | मिनिटिलर खरिद<br>मिनिटिलर खरिद | १९८७२०० | e-bidding | ५० % अनुदान |
| ५ | ३४ / २०८०।०६।२४<br>११७ / २०८०।०८।०६<br>२१० / २०८०।०९।११ | आकस्मक वाली संरक्षण | १९१८०० | कोटेसन मार्फत | १०० % अनुदान |
| ६ | ७,३२४/ २०८१।०३।२४ | नेट सहित प्लाष्टिक टनेल खरिद | ५५८६७२ | कोटेसन मार्फत | ५० % अनुदान |
| जम्मा | | | ५२२९९६६।०० | | |

५६.२ **घाँसको वेर्ना वितरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.न.२७३ मिति २०८१।३।२४ मा हरियो घाँसको विउँ वितरण कार्यक्रम अन्तर्गत धामी फलफुल तथा नर्सरी उद्योगबाट रु.५९१०००।०० को ९१००० पाकेट विभिन्न १७ प्रजातिको घाँसको विउ खरिद गरि वितरण गरेको छ। उक्त घाँसको विउ वितरणको भरपाईमा ९००५१ प्याकेट वितरण गरेको पाईयो बाँकी ९४९ प्याकेटको देहाय अनुसार घाँसको मुल्य वरावरको रकम पशु शाखा प्रमुख धर्मराज भट्टबाट असुल हुनपर्दछ

| क.स | घाँसको नाम | खरिद संख्या | वितरण संख्या | फरक | दर रु | बढी खर्च रु |
|---|---|---|---|---|---|---|
| १ | राईखन्यु | ८००० | ७८७७ | १२३ | १५ | १८४५ |
| २ | किम्बु | ७००० | ६९२६ | ७४ | १५ | १११० |
| ३ | अम्रिसो | ८००० | ७९३३ | ६७ | ५ | ३३५ |
| ४ | वडहर | १००० | ९७६ | २४ | १५ | ३६० |
| ५ | बदामे | ५००० | ४९२६ | ७४ | २ | १४८ |
| ६ | नेपियरco4 जरासहित | ८००० | ७९११ | ८९ | २ | १७८ |
| ७ | नेपियरco3 जरासहित | ५००० | ४९४२ | ५८ | २ | ११६ |
| ८ | नेपियर रेड | ५००० | ४९४९ | ५१ | २ | १०२ |
| ९ | नेपियर सुपर | ५००० | ४८९३ | १०७ | २ | २१४ |
| १० | मुलाटो | ८००० | ७९११ | ८९ | २ | १७८ |
| ११ | सेटेरिया | ५००० | ४९५७ | ४३ | २ | ८६ |
| १२ | इपिल इपिल | ३००० | २९४६ | ५४ | १५ | १११० |
| १३ | बकाइनो | ३००० | २९४९ | ५१ | १५ | ७६५ |
| १४ | टाँकी | ८००० | ७९५५ | ४५ | १५ | ६७५ |
| जम्मा | | ९१००० | ९००५१ | ९४९ | | ७२२२।०० |

| असुल गर्नुपर्ने | ७,२२२ |
|---|---|

५६.३ **वितरण भरपाई-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। गो.भौ.न.२७१ मिति २०८१।३।२४ सुन्ताला जात फलफुल पकेट निरन्तरता कार्यक्रम अन्तर्गत प्रगतिशील बहुउदेश्य कृषक समूहबाट ५० प्रतिशत कृषकको साझेदारी सहित रू. ६००९५०।०० को लागत अनुमान अनुसार पालिकाले २९१०००।०० भुक्तानी गरेको छ। सुन्तलाको बोट वितरण गरेको भरपाई संलग्न गरेको छैन। वितरणको भरपाई पेश गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | २,९१,००० |
|---|---|

५७ **आन्तरिक आय ब्यवस्थापन**

५७.१ **दाखिला बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ तथा नियमावली, २०७७ को नियम ५८ मा प्राप्त आन्तरिक आय समयमै दाखिला गर्नुपर्ने ब्यवस्था छ। गाउँपालिकाले देहाय अनुसार आन्तरिक आय संकलन गरेकोमा देहाय अनुसार दाखिला बाँकी र ढिला दाखिला गरेको सुद समेत रु ४२७६३७।०० असुल गरेको देखिएन । नियमानुसार सुद सहित दाखिला गर्नुपर्ने रु

| वडा नं र स्थान | वडासचिवको नाम | संकलन रु. | दाखिला रु | दाखिला बाँकी रु | शुरु दाखिला रु | शुरु दाखिला मिति | सुद रु | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ पालडी | हेमबहादुर विष्ट | ६८९९२५।०० | ६६६००३।०० | २३९२२।०० | ४४३१५।०० | २०८०।४।२१ | ४४३२।०० | २८३५४।०० |
| २ खैरला | जंगवहादुर चौधरी | २४७९४७।०० | २३२१०६।०० | १५८४१।०० | १६४००।०० | २०८०।८।७ | १६४०।०० | १७४८१।०० |
| ३ सहजपुर | देववहादुर साह | ६९१२१२।०० | ५९८७५७।०० | ९२४५५।०० | ३६२९५।०० | २०८०।६।१७ | ३६३०।०० | ९६०८५।०० |
| ४ गर्भादरवार | वेदप्रकाश उपाध्याय | ६०५०८२।०० | ४६०६४५।०० | १४४४३७।०० | २९५६४।०० | २०८०।५।१५ | २९५६।०० | १४७३९३।०० |
| ५ खानीडाँडा | खगेन्द्रवहादुर वोहरा | ३९०२८४।०० | ३५७०४६।०० | ३३२३८।०० | २००००।०० | २०८०।५।२७ | २०००।०० | ३५२३८।०० |
| ६ धनेढी | लक्ष्मी साह | ५९७१८७।०० | ४९९५३०।०० | ९७६५७।०० | ५४२८५।०० | २०८०।५।४ | ५४२९।०० | १०३०८६।०० |
| | जम्मा | | | | | | | ४२७६३७।०० |

५७.२ **आय ठेक्का:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११घ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) मा सुद सहित पालिकाले आन्तरिक आय संकलन गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले गाउँकार्यपालिकामा २०८०।४।३२ मा समेत गौरीगंगा नगरपालिकासँग सीमा विवादका कारण आन्तरिक आयमा असर परेको जनाएको छ । गौरीगंगा नगरपालिकासँग घनिभूत छलफल गरी द्विपक्षीय संझौता गर्न सकिनेमा नगरी यो वर्ष आय ठेक्का नभएको जनाएको छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष वडा नं १ देखि ३ सम्म फैलिएको ठूलीगाड नदीमा ढुंगा गिट्टी वालुवा (प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७८ अनुसार वार्षिक रुपमा उठाउन सकिने परिमाण ३८४०४.९० घनमिटरको रु २११।९२ का दरले मूअकर सहित न्युनतम मूल्य रु ९१९६७६४।००) को लागि मिति २०८०।४।१५ मा (ठेक्का नं CRM/ NCB/ Goods/ 01/ 080/ 81) ईबिडिङ मार्फत १ पटक मात्र सूचना प्रकाशन गरेको पाइयो । गाउँपालिकाले थप २।३ पटक सूचना प्रकाशन गरी ढुंगा गिट्टी वालुवाको आय ठेक्का गर्नुपर्नेमा नगरी वडा नं २ कार्यालयलाई र देहाय अनुसार २ कर्मचारीलाई चनं १९१ मिति २०८०।६।८ बाट ढुंगा गिट्टी वालुवाको प्रतिघनमिटर रू. २१२।०० का दरले विक्री गरी रोयल्टी संकलन गर्न कामकाजमा खटाएको पाइयो ।

| क्रसं | संकलकको नाम | वडा नं | दाखिला मिति | दाखिला | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहायक चौथौ मोहनवहादुर सिंह | १ र ३ | २०८०।९।१ समेत ३ पटक | १५२४०।०० | |
| २ | कार्यालय सहयोगी अनिलकुमार बिक | १ र ३ | २०८०।८।१४ समेत ७ पटक | ४३४६८०।०० | |
| ३ | कृषि प्राविधिक जंगबहादुर चौधरी | २ | २०८०।१२।८ समेत ३ पटक | ६५९२०।०० | वडा नं २ लाई आय संकलन गर्न तोकेको पत्र लेखापरीक्षणमा अप्राप्त । |
| | | | जम्मा | ५१५८४०।०० | |

गाउँपालिकाले निजहरुले विक्री गरेको परिमाण तथा संकलन गरेको रकम यकीन नगरी प्राप्त वैंक भौचरको आधारमा मात्र रू. ५१५८४०।०० को आय जनाएको छ। बिक्री परिमाण तथा संकलित रकमको अनुगमन नगरी दाखिला गरेको रकमलाई मात्र आधार मान्न सकिएन। उक्त कार्यको गाउँपालिकाले छानवीन गरी सुद सहित यथार्थ रकम दाखिला गर्नुपर्दछ ।

५७.३ **दाखिला छुटः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा संकलित आय दाखिला गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले च नं. १९१ मिति २०८०।६।८ बाट करारका कार्यालय सहयोगी अनिलकुमार विकले ढुंगा गिट्टी वालुवा विक्री गरी ६ थान नगदी रसिद ठेलीबाट देहाय अनुसार रू. ५७१८२४।०० संकलन गरेकोमा रू. ४३४६८०।०० मात्र दाखिला गरेको छ । निजले संकलन भए अनुसार दाखिला नगरी देहाय अनुसार संकलनको तुलनामा न्यून दाखिला गरी २०८१ आषाढको ३१ मा मात्र रू. २४००००।०० दाखिला गरेको पाइयो। समयमा संकलित आय दाखिला गरे नगरेको समिक्षा नगर्ने कार्यालय प्रमुखलाई जिम्मेवार बनाई बाँकी रू. ४३६२३९।०० कार्यालयले छानवीन गरी नियमानुसार सुद सहित दाखिला गर्नुपर्ने रु

| रसिद ठेली नं | रसिद नं | प्रयोग भएको रसिद संख्या | संकलन मिति | संकलन रु | दाखिला मिति | दाखिला रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ७०१ देखि ७५० | ५० | २०८०।६।९ देखि ८।१९ | ४२५५५।०० | २०८०।८।१४ | २९६८०।०० | सोझै दाखिला |
| २ | ९५१ देखि १००० | ५० | २०८०।८।२१ देखि ११।१४ | १०८५७८।०० | २०८०।११।२१ | ७५०००।०० | |
| ३ | १००१ देखि १०५० | ४२ | २०८०।९।१९ देखि ०८१।२।३२ | ५६४०५।०० | २०८०।१२।१३ | ३००००।०० | |
| ४ | १२०१ देखि १२५० | ५० | २०८०।११।१५ देखि ११।२४ | ९६६७६।०० | २०८०।१२।१८ | २००००।०० | |
| ५ | १३०१ देखि १३५० | ४९ | २०८१।१।६ देखि १।२२ | ११९४४०।०० | २०८१।१।२३ | २००००।०० | |
| ६ | १४०१ देखि १४५० | ५० | २०८१।१।२७ देखि २।६ | १३७८६५।०० | २०८१।२।४ | २००००।०० | |
| ७ | १४५१ देखि १५०० | ४९ | २०८१।२।८ देखि २।२१ | १७९६५५।०० | २०८१।२।४ | २००००।०० | |
| ८ | १५०१ देखि १५५० | ४९ | २०८१।२।२१ देखि २।३२ | १२९७४५।०० | २०८१।३।३१ | २४००००।०० | |
| | जम्मा | २९१ | | ८७०९१९।०० | | ४३४६८०।०० | ४३६२३९।०० |

| असुल गर्नुपर्ने | ४,३६,२३९ |
|---|---|

## ५८ बिमातर्फ

५८.१ **बिमा नगराएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यवस्था छ। त्यसरी गर्ने बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाबाट यो वर्ष संचालित योजनाहरुको नमुना परीक्षण गर्दा निम्नानुसार योजनाहरु तोकिएको मूल्य भन्दा बढी मूल्यको निर्माण कार्य भएको र ठेक्का सम्झौताको म्याद थप भएकोमा बीमा अवधिको म्याद थप

नहुँदा त्रुटि सच्याउने अवधिको बीमा हुन गएको देखिएन। अतः नियमानुसार बीमाको समेत म्याद थप गराई जोखिम व्यवस्थापन गर्न लगाउन कार्यालयको ध्यान जानुपर्दछ।

| क्र स | योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | लागत अनुमान (रू.) | सम्झौता (रू.) |
|---|---|---|---|---|---|
| १ | सहजपुर निगाली खैराला | CRM/ NCB/ Works/ 09/ 080/ 081 | चुरे निर्माण सेवा । | ६३५६०९२। ५५ | ३८१०९९७। ७६ |

५८.२ **ढिला बिमा गराएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यवस्था छ र बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाबाट यो वर्ष संचालित योजनाहरुको नमुना परीक्षण गर्दा निम्नानुसार योजनाहरु निर्माण कार्य शुरू भएको ४ देखि ६ महिनासम्म ढिला बिमा गरी रू.१०९४८९।०८ भुक्तानी गरेको देखियो । नियमानुसार सम्झौता अवधि देखि त्रुटी सच्याउने अवधिसम्म मात्रै विमा गराउनुपर्नेमा एकातिर ढिला बीमा गरेको छ भने अर्कोतिर १ महिनाको लागि मात्रै बिमा गरेको देखियो । नियमावलीमा भएको ब्यवस्था विपरित गराएको बिमा नियमसम्मत मान्न सकिदैन ।अतः सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रू.

| क्र स | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता अवधि | निर्माण व्यवसायीले शुरू गराएको अवधि | विमा (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भानु मावि छात्राबास निर्माण | चुरे निर्माण सेवा चुरे-०३ | २०८०।०८।२५ देखि २०८१।०३।१५ | २०८१।०२।१४ | ४९०२५।१६ | ६ महिना ढिला । करिब १ महिनाको लागि मात्रै गरेको । |
| २ | चौमाला-गर्भा सडक स्तरोन्नती | चुरे निमार्ण सेवा, चुरे-३ | २०८०।१०।०४ देखि २०८१।०३।१५ | २०८१।०२।१४ | ६०४६३।९२ | ४ महिना ढिला ढिला गरी १ महिनाको लागि मात्रै गरेको । |
| जम्मा रू. | | | | | १०९४८९। ०८ | |

| असुल गर्नुपर्ने | १,०९,४८९.०८ |
|---|---|

५९ **सिमेन्ट/पाईपको उपयोग**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तपसिल बमोजिमको निर्माण सामग्री खरिद गरेकोमा माग विवरण तथा लागत अनुमान र प्रमाणित नापजाँचसहितको विवरण संलग्न राखेको छैन। के-कती परिमाणमा कँहा खपत भयो सोको नापी किताव सहितको प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.सं. | सामाग्रीको नाम | खरिद गरेको संख्या | प्रयोग भएको संख्या | बाँकी रहेको संख्या | दर रकम (मूअकर बाहेक) | जम्मा रू. |
|---|---|---|---|---|---|---|
| 1. | सिमेन्ट ओपीसि (बोरा) | ७४ | २१ | ५३ | ७५० | ४४९१८ |
| 2. | HDPE Pipe 20MM | ३८०० मि | ० | ३८०० मि | ४३ | १८४६४२ |
| 3. | HDPE Pipe 25MM | २४०० मि | ४५० मि | १९५० मि | ५० | ११०१७५ |
| 4. | HDPE Pipe 32MM | १६०० मि | ० | १६०० मि | ६२ | ११२०६६ |
| जम्मा रू. | | | | | | ४५१८३१ |

| प्रमाण पेश नगरेको | ४,५१,८३१ |
|---|---|

६० **वडा नं.२ को कार्यालय भवन निर्माण**

वडा नं.२ वडा कार्यालय भवन निर्माणको (ठेक्का नं.CRM/NCB/WORKS/02/076/077) लागि अमन एण्ड इशा कन्स्ट्रक्शन प्रा.ली. बर्दगोरिया-०१ कैलालीसँग मिति २०७७।०२।०९ देखि २०७९। ११।१४ सम्म कार्यसम्पन्न गर्ने गरी रू.८८९३६२१।१५ (मूअकर र पिएस बाहेक) सम्झौता गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न रहेका छन् ।

६०.१ **पेश्की जोखिममाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (४) मा पेश्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फस्र्योट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं.२ को वडा कार्यालय भवन निर्माणको लागि अमन एण्ड इशा कन्स्ट्रक्शन प्रा.लि. बर्दगोरिया-०१ कैलालीसँग मिति २०७७।०२।०९ देखि मिति २०७९।११।१४ सम्म कार्यसम्पन्न गर्ने गरी भौचर नं. ४।२०७७।०६।१८ बाट रू.९,०१,२३१।०० र भौचर नं.११६।२०७७।०२।२५ बाट ९०१२३१।०० सहित रू.१८०२४६२।०० पेश्की उपलब्ध गराएकोमा रू.३६८०६४।०० पेश्की कट्टा भई रू.१४३४३९८।०० बाँकी रहेको छ। अग्रीम बैंक जमानतको अवधि मिति २०७८।०२।१४ समाप्त भएको देखिन्छ। कार्यपालिकाको मिति २०७९।११।१४ गतेको निर्णय नं.१३ बाट सम्झौता रद्ध र कार्यसम्पादन जमानत जफत गर्ने निर्णय गरेको भएतापनि पेश्की रकम असुल गरेको देखिएन। अतः पालिकाले बाँकी रहेको पेश्की रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १४,३४,३९८ |
|---|---|

६०.२ **दायित्व पुरा नगरेकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो कामको लागि राखिएको पूरै जमानत जफत हुने व्यवस्था छ। सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ। वडा नं.२ को वडा कार्यालय भवन निर्माणको लागि अमन एण्ड इशा कन्स्ट्रक्शन प्रा.ली. बर्दगोरिया-०१ कैलाली रू.८८९३६२१।१५ (मूअकर बाहेक) सम्झौता गरेकोमा निर्माण व्यवसायी बीचमा नै काम छोडेर गएको देखिन्छ। पालिकाबाट प्राप्त विवरण अनुसार हालसम्म भौचर नं.२१।२०७८।०८।०६ बाट रू.१८४०३१९।०० (मुअकरबाहेक) भुक्तानी लिएकोमा रू.७०५३५८२।१५ रकम बराबरको कार्य सम्पन्न गर्न बाँकी देखिन्छ। कार्यपालिकाको मिति २०७९।११।१४ गतेको निर्णय नं.१३ बाट सम्झौता रद्ध गरी कार्यसम्पादन जमानत

जफत गर्ने निर्णय गरी कार्यसम्पादनको रू.१०११०००।०० मिति २०८०।०३।१३ गते जफत गरेको भएतापनि सम्झौता कार्यान्वयन गर्न बाँकी रकम असुल गरेको देखिएन। ऐनमा भएको ब्यवस्था बमोजिम सम्झौता बमोजिम बाँकी कार्य पुरा गर्न आवश्यक पर्ने रू.७०५३५८२।१५ सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,५३,५८२.१५ |

६०.३ **कालोसूचीको लागि सिफारिसः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१)ग. मा खरिद सम्झौता कार्यान्वियन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य नगरेमा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राखसक्ने व्यवस्था छ। पालिकाको वडा नं.२ वडा कार्यालय भवन निर्माणको लागि निर्माण व्यवसायी अमन एण्ड इशा कन्स्ट्रक्शन प्रा.ली. बर्दगोरिया-०१ कैलालीसँग मिति २०७७।०२।०९ देखि मिति २०७९।११।१४ सम्म कार्यसम्पन्न गर्ने गरी रू.८८९३६२१।१५ (मूअकर बाहेक) सम्झौता गरेको देखिन्छ। सम्झौता बमोजिम तोकिएको काम र अवधिमा कार्य सम्पन्न नगरी निर्माण व्यवसायी बीचमा नै काम छोडेर गएको देखिन्छ। अतः पालिकाले उक्त निर्माण व्यवसायीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयलाई कालोसूचीमा राख्नको लागि लेखी पठाउनुपर्दछ।

## ६१ कार्य सम्पादन जमानतको म्याद न्यून

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२,४९१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ६२ शिक्षा तथा कृषि र पशु सेवाको कार्यक्रम

६२.१ **निःशुल्क शिक्षाः** नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षादेखि बाह्र कक्षासम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। गाउँपालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम सम्वन्धित विद्यालयको वेभसाइट र गाउँपालिकाको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनुपर्दछ ।

६२.२ **कृषि पशु अनुदानः** कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरणमा वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट कृषि शाखाबाट ४७९ कृषकको लागि रु. २३ लाख र पशु सेवा शाखाबाट ४३ कृषकको लागि रु २१५००००।०० समेत रु ४४५००००।०० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम गाउँपालिकाको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनुपर्दछ ।

| क्रम | अनुदानको किसिम | व्यक्ति/ फर्म संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | आव २०७९।८० मा स्थापना भएका सुन्तलाजात फलफूल पकेट निरन्तरता ५०% अनुदान | १ कृषक समूह र १ कृषि फर्म | ६०० |
| २ | वडा ३ का जीत वहादुर भण्डारी समेत १८ कृषकलाई ५०% अनुदानमा भैंसी वितरण | १८ कृषि फर्म | ९०० |
| ३ | धर्मसिंह वडै समेत १५ कृषकलाई ५०% अनुदानमा बाख्रा नुहाउने (डिपिङ टैंकी) निर्माण वितरण | १५ कृषक फर्म | ७५० |
| ४ | ७५% अनुदानमा तरकारी बीउ वितरण | २९४ कृषक | ४०० |
| ५ | ५०% अनुदानमा बाख्रा खोर सुधार प्रदेश सरकार | १० कृषक फर्म | ५०० |
| ६ | ५०% अनुदानमा प्लास्टिक टनेल वितरण | १६० जना | ५०० |
| ७ | ५०% अनुदानमा मिनिटिलर वितरण | २३ जना | ८०० |
| | **जम्मा** | ५२२ जना/ फर्म | ४४५० |

## ६३ डिपिआरतर्फ

६३.१ **डिपिआरको कार्यान्वयनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कार्बाहीको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गरेर मात्रै खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष २ परामर्शदाताबाट देहाय अनुसार डिपिआर निर्माण गराई रू.२७०७२३६।०० खर्च गरेको छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डिपिआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले २ डिपिआर निर्माण गरेको मध्ये १ योजनाको लागि आ.व.२०८१।०८२ मा रू.१५०००००।०० विनियोजन गरेकोमा अर्को १ योजनाको लागि वजेट विनियोजन गरेको देखिएन। अतः निर्माण भएका डिपिआरको बजेट व्यवस्था गरी योजना कार्यान्वयन गराउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाताको नाम | लागत अनुमान (रू.) | भुक्तानी (रू.) | डिपिआरबाट निर्धारण भएको लागत अनुमान (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Detail Project Report of Volleyball Stadium and staff Quarter | एम.एज. इन्जिनिरिङ एण्ड कन्स्ट्रक्शन प्रा.लि.धनगढी-५, कैलाली । | १९९९८५२।६३ | १९९७२०० | ९५१७९३०७।२९ | आ.व.२०८१।०८२ मा क्रमागत रूपमा कार्यान्वयन गर्नको निमित्त रू.१५०००००।०० विनियोजन । |
| २. | श्री जनता मा.वि. र केदारश्वर मा.वि.को होस्टेल निर्माण । | जिविएस टेक्नोलोजिस प्रा.लि. मध्यपुर ठिमि भक्तपुर । | ७२०९६०।०० | ७१००३५।५ | ७२७५३२७९।९ | बजेट विनियोजन नभएको |
| जम्मा रू. | | | | २७०७२३६ | | |

६३.२ **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९ (१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । भलिबल स्टेडियम र कर्मचारी आवासको लागि एम. एज.इन्जिनिरिङ एण्ड कन्स्ट्रक्शन प्रा.लि.धनगढी-५, कैलालीसँग रू.१९,९९,८५२।६३ (मूअकरसहित) भुक्तानी गर्ने गरी सम्झौता गरेको देखिन्छ। पालिकाले मुख्य जनशक्तिलाई सहयोग गर्नको लागि Non Key Person अन्तर्गत भुक्तानी गर्दा एउटै कामका लागि दुई जनालाई भुक्तानी गरेको देखिन्छ। ड्राफ्ट गर्नको लागि १ जनालाई १.२० महिनाको प्रति महिना रू.६५८००।०० का दरले रू.७८९६०।०० भुक्तानी गरेको अवस्थामा पुनः कम्प्युटर अपरेटरलाई १.५० महिनाको प्रतिमहिना रू.६२०९०।०० का दरले रू.९३१३५।०० रकम भुक्तानी गरेको देखियो। कामको एउटै प्रकृतिमा फरक-फरक शिर्षक राखि भुक्तानी गर्ने कार्य नियमसम्मत मान्न सकिदैन। अतः बढी भुक्तानी भएको रकम सम्बन्धित कन्स्ट्रक्सनबाट मूअकरसहित असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५,२४२.५५ |

६४ **डण्डीको परिमाण (भानु मावि छात्राबास निर्माण)** (१८-२०८१-१-२):

स्टाण्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७५ अनुसार ८ एमएमको डण्डीको तौल ०.३९५ केजि प्रति रनिङ्गमिटर हुने उल्लेख छ। पालिका र चुरे निर्माण सेवा चुरे-०४ बीच भानु मावि छात्राबास निर्माणको लागि २०८१।०३।१५ भित्र सम्पन्न गर्ने गरी रू.२०८०।०८।२५ मा रु.६५,१६,२७०।०४को सम्झौता भएको छ। छात्राबासमा बिम (Tie Beam &Plinth Beam) मा ८ एमएमको १३७१.०५ वटा डण्डी प्रयोग गरेको देखाएकोमा परिमाण गणना गर्दा ०.३९५ ले गुणा गर्नुपर्नेमा ०.८८९ ले गुणा गरेको देखिन्छ। ४५९.८५ किलोग्राम मात्र डण्डी प्रयोग भएकोमा कार्यालयले १०४६.८ किलोग्रामको भुक्तानी दिएकोले ५८६.९५ किलोग्राम बढी परिमाण गणना गरेको छ । प्रति के.जि. रु.१०७।०० का दरले उक्त छात्राबास निर्माण कार्यमा रु.६२८०३।६५ बढी भुक्तानी भएको छ। उक्त रकममा मूल्य अभिवृद्धि कर रु.८१६४।४७ सहित रु.७०९६८।१२ असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,९६८.१२ |

६५ **बोलपत्र मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेसिफिकेसन गलत रुपमा बुझी वा नबुझी अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषणसहित स्पष्टिकरण माग गर्नुपर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्र दातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्नसक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ४० देखि ७१.५३ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ७१.५३ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदासमेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषणसहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भावित जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

| क्रं. सं . | ठेक्का नं. | निर्माण कार्य | निर्माण व्यवसायी | लागत अनुमान (रू.) | सम्झौता (रू.) | न्यून (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | CRM/NCB/Works/03/080/081 | Upgrading Of Sahajpur-Alad-Nigali Road | Shukra Kamali/ Akrit/ Ratadhunga JV | ३०७०००७८।८३ | १५६५४७८१।०० | ४९.०१ |
| २ | CRM/NCB/Works/04/080/081 | Upgrading Of Chaumala Garva Road | Chure Nirman Sewa Chure-०४ | १४८२७५१४।४९ | ८३९८५९९।०५ | ४३.३६ |
| ३ | CRM/NCB/Works/07/080/081 | Construction Of Deurali Mauri Chaumala Road | Nagarjun Construction And Suppliers | ९९९२०८९।४३ | ३७२३५२०।७६ | ६२.७४ |
| ४ | CRM/NCB/Works/08/080/081 | Upgrading Of Mangalpur Matsey Sera Taliya Bhaktapur Road | Suraj Nirman Sewa | १०२९६६६५।९९ | ५६५७३१४।६२ | ४५.०६ |
| ५ | CRM/NCB/Works/09/080/081 | Upgrading Of Sahajpur-Nigali-Khairala Road | Chure Nirman Sewa Chure-०४ | ६३५६०९२।५५ | ३८१०९९७।७६ | ४०.०४ |
| ६ | CRM/NCB/Goods/02/080/081 | Supply Of Medicine And Surgical Instruments | Raulakedar Medicine Suppliers | २५३७७०३।४२ | ७२२५७४।०० | ७१.५३ |
| ७ | CRM/SQ/Works/01/080/081 | Construction Of RCC Irrigation Ponds | Chure Nirman Sewa Chure-०४ | १३५५३१२।०२ | ७६५२९६।०२ | ४३.५३ |

६६ **कन्टेन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ। पालिकाले कार्यविधि वेगर यो वर्ष कन्टिन्जेन्सीमा निम्नानुसार रू.१० लाख ३४ हजार खर्च गरेको देखियो। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र बैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ।

| विषय | विवरण | खर्च (रू.) | प्रतिशत |
| --- | --- | --- | --- |
| वर्कचार्ज स्टाफ खर्च | पुँजीगत खर्च | ९८७०५६६३ | |
| | कुल कन्टिन्जेन्सी खर्च | १०३४३८८ | |
| | मष्टरोल ज्याला | ४९६६० | ५ |
| | सवारी साधन मर्मत | ३२०० | ० |
| | दैनिक भ्रमण भत्ता | ५३९९९७ | ५२ |
| | गाडी भाडा | ६०००० | ६ |
| | जम्माः | ६५२८५७ | ६३ |
| सानातिना अन्य खर्च | स्टेशनरी. छपाई,सूचना प्रकाशन | २०८७९१ | २० |
| | मसलन्द खर्च | १७२७४० | १७ |
| | जम्माः | ३८१५३१ | ३७ |
| | कूल जम्मा | १०३४३८८ | १००.०० |

- कार्यालयले कन्टिन्जेन्सीबाट मष्टरोलमार्फत रू.४९६६०।०० ज्याला खर्च लेखेको पाइयो। निर्माणाधीन विभिन्न कार्यका लागि सुपरभाइजरहरु नियुक्त गरी निजहरूलाई पारिश्रमिकमा उक्त रकम खर्च लेखेकोमा निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन। अतः निजहरूले सम्पादन गर्नुपर्ने र गरेको कामको विवरण स्पष्ट राख्नुपर्दछ।
- सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।
- महालेखा नियन्त्रक कार्यालयले २०७७ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गिकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाई, सूचना प्रकाशन, दैनिक भत्ता जस्ता कार्यमा रू. ९८४७२८।०० समेतमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखियो। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिंदैन। तोकिए बमोजिमको शीर्षकमा खर्च उल्लेख गर्नुपर्दछ।

## ६७ **विविध कोष मौज्दात**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ (घ) मा धरौटी तथा विविध कोषमा राखेको रकम स्पष्ट नभएको तथा बैङ्कमा रहेको रकम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरण अनुसार कार्यालयको खर्च नहुने विविध खातामा गत विगत वर्षदेखि सर्दै आएको धरौटी रकम रू. ४५७८४६३।३१ मौज्दात रहेको देखियो। कार्यालयले सूचना प्रकाशन गरी तथा उक्त मध्ये नामनामेसी नखुलेको रकम यकिन गरी कोषमा रहेको रकम आवश्यक प्रक्रीया पुर्याएर संघीय संचित कोष दाखिला गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : चुरे गाउँपालिका, कैलाली , चुरे गाउँपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मी दत्त भट्ट | २०८०-५-२४ | २०८०-१०-२६ |
| कार्यालय प्रमुख | देवी प्रसाद जोशी | २०८०-१०-२८ | २०८१-५-२४ |
| कार्यालय प्रमुख | विवि राज सोती | २०७९-५-१ | २०८०-५-२४ |
| कार्यालय प्रमुख | तेज बहादुर बोगटी | २०८१-६-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भक्त राज भट्ट | २०७८-१०-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९,२६५,३०५.९ | ५,२५९,५७८.५१ | ६,७३८,३४४.५२ | ० | ० | ६,६१४,३५७ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २७,८७७,५८५.९३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,५११,६५७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २५,३६५,९२८.९३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३६३२१७८४.५२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९५७८९३८६ | चालु खर्च | २८८७४६९४६.५३ |
| प्रदेश सरकारबाट अनुदान | २३५८६२५४ | पूँजीगत खर्च | ९८७०५६६३ |
| राजश्व बाँडफाँट | ८९९४६०४३.०२ | वित्तीय/अन्य व्यवस्था | २३०५८०५७.८८ |
| आन्तरिक आय | ७१७९५७७.३५ | | |
| अन्य आय | ७७१७१४०४.९५ | | |
| कुल आय | ४९३६७२६६५.३२ | कुल खर्च | ४१०५१०६६७.४१ |
| बाँकी मौज्दात | | ११९४८३७८२.४३ | |

## बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| गो भौ मिति | संचार माध्यमको नाम | खर्च रू | ३% हुने रू |
|---|---|---|---|
| १५१।०८०।०८।२० | भुमिराज मिडिया नेपाल प्रा लि | ११११५० | ३३४।५ |
| १६२।०८०।०८।२७ | उद्धार खबर दैनिक | ४८४५० | १४५४।०० |
| १५३।०८०।०८।२४ | अखिल | १७००० | ५१०।०० |
| १६३।०८०।०८।२७ | अत्तरिया खबर दैनिक | ३४००० | १०२०।०० |
| | अत्तरिया मिडिया प्रा लि | ५६१९६ | १६८६।०० |
| | केदार मिडिया प्रा लि | ११५२३४ | ३४५७।०० |
| | गोदावरी मिडिया प्रा लि | १०५३६७ | ३१६१।०० |
| | निर्भिक मल्टीमिडिया हाउस | १०१४६५ | ३०४४।०० |
| १६४।०८०।०८।२७ | अनुमोदन राष्ट्रिय दैनिक | ३६५२६ | १०९६।०० |
| १६५।०८०।०८।२७ | निशान न्युज प्रा लि | १२७५० | ३८२।५० |
| २५८।०८०।०९।२० | सुदूर सन्देश पब्लिकेशन प्रा लि | १२७५० | ३८२।५० |
| १७१।०८०।०८।२८ | लता विज्ञापन सेवा | ५१५१३ | १५४५।०० |
| ३४८।०८०।१०।०८ | फियरलेन्स मिडिया प्रा लि | ५३५२ | १६०।६० |
| ३४८।०८०।१०।०८ | त्रिलक्ष्मी एडभरटाइजिङ्ग सर्भिसेस प्रा लि | ७६०९७ | २२८३।०० |
| ३४९।०८०।१०।०८ | त्रिलक्ष्मी एडभरटाइजिङ्ग सर्भिसेस प्रा लि | ४६८३० | १४०५।०० |
| ३६८।०८०।१०।१२ | युनिभर्सल मिडिया एण्ड एडभरटाइजिङ्ग एजेन्सी प्रा लि | ११७०७५ | ३५१२।०० |
| ४९०।०८०।११।०८ | त्रिलक्ष्मी एडभरटाइजिङ्ग सर्भिसेस प्रा लि | १२८७८० | ३८६३।०० |
| ७६७।०८१।०२।०३ | केदार मिडिया प्रा लि | ५२७२१ | १५८२।०० |
| ८१२।०८१।०२।१३ | टाइगर न्युज | २९७५० | ८९२।५० |
| ८९०।०८१।०३।०५ | भिजन वार्ड प्रा लि | १६१५० | ४८४।५० |
| २५७।०८१।०३।२२ (संघीय शसर्तबाट) | मनिष इडभरटाइजिङ्ग एजेन्सी | १३५९६४ | ४०७९।०० |
| ११।०८१।०३।२४ | खुलासा न्युज नेपाल | १५००० | ४५०।०० |

| | | | |
|---|---|---|---|
| | मोर्निङ्ग बेल | १५००० | ४५०।०० |
| | चुरे युवा क्लव | १५००० | ४५०।०० |
| | दिनेश संचार गृह | १५००० | ४५०।०० |
| | हाम्रो सेती साप्ताहिक | १५००० | ४५०।०० |
| | सामुदायिक रेडियो बडिकेदार एफ. एम. | १५००० | ४५०।०० |
| | लता विज्ञापन सेवा | १५००० | ४५०।०० |
| जम्मा | | | ३९४८४।१० |

## बेरूजु दफा ५१.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.स | कार्यक्रमगत खर्च शीर्षक | विनियोजित रु | खर्च रु | खर्च प्रतिसत | मौज्दात रु |
|---|---|---|---|---|---|
| १ | माध्यामिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | १०७०००००० | १०६९९९९९ ।८८ | ९९ ।९९ | ० ।१२ |
| २ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | ८५७०००००० | ८२७३७६५३ ।९८ | ९६ ।५४ | २९६२३४६ ।०२ |
| ३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३१५०००० | २६५०००० | ८४ ।१२ | ५००००० ।०० |
| ४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | ४२५६००० | ३५४१९२६ ।०३ | ८३ ।२२ | ७१४०७३ ।९७ |
| ५ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | १६२३००० | १४०२८०० | ८६ ।४३ | २२०२०० ।०० |
| ६ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १४६०००००० | १२३४९४९९ ।८ | ८४ ।५८ | २२५०५०० ।२० |
| ७ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३९७६००० | २७६६८५२ | ६९ ।५८ | १२०९१४८ ।०० |
| ८ | आधारभुत तह(६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ६३२१००० | ४६४५७१७ | ७३ ।४९ | १६७५२८३ ।०० |
| ९ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | ५००००० | २५०००० | ५० | २५०००० ।०० |
| १० | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १२९०००० | ७२६२४८ | ५६ ।३० | ५६३७५२ ।०० |
| ११ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १२२८८००० | ९३०२४६० | ७५ ।७० | २९८५५४० ।०० |
| १२ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ४००००० | ० | ० | ४००००० ।०० |
| १३ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ११७४००० | ३३०५७० | २८ ।१५ | ८४३४३० ।०० |
| १४ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | १२५२००० | १०२९६०० | ८२ ।२३ | २२२४०० ।०० |
| १५ | विद्यालय संचालन तथा व्यवस्थापन | २८७०००० | २८१३००० | ९८ ।०१ | ५७००० ।०० |
| १६ | CTEVT को मापदण्ड वमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन | १४००००० | ० | ० | १४००००० ।०० |
| जम्मा | | १५१५०००००।०० | १३५२४६३२६।६९ | ८९।२७ | १६२५३६७२ |

| सि नं | विद्यालयको नाम तथा ठेगाना | शिक्षक दरबन्दी | | | | पदपूर्ति | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | नीजि स्रोत | स्थायी | राहत | करार | नीजि स्रोत | विद्यार्थी संख्या |
| 1 | श्री शिव मा वि किम्तोला | ८ | ६ | | | ८ | ६ | | | ४२१ |
| 2 | श्री भैरव मा वि अलाड | ५ | ३ | | १ | ५ | ३ | | १ | २६७ |
| 3 | श्री मोहन्याल मा वि निगाली | ४ | ३ | | २ | ४ | ३ | | २ | २९६ |
| 4 | श्री भगवती आ वि सायल | २ | १ | | २ | २ | १ | | २ | ११९ |
| 5 | श्री सरस्वती आ वि घोडेथर | | | | १ | | | | १ | ३६ |
| 6 | श्री केदार आ वि तुसारेपानी | १ | २ | | २ | १ | २ | | २ | १८० |
| 7 | श्री केदारेश्वर आ वि ओजेना | २ | १ | | ३ | २ | १ | | ३ | १६० |
| 8 | श्री आदर्श आ वि बजाडी | | | | १ | | | | १ | १५ |
| 9 | श्री जनजागृति आ वि किचान | | ३ | | | | ३ | | | ३६ |
| 10 | श्री समैजी आ वि घरखेडा | १ | २ | | १ | १ | २ | | १ | ११६ |
| 11 | श्री भैरौं आ वि सिमली | १ | २ | | १ | १ | २ | | १ | ५६ |
| 12 | श्री जनता आ वि मिलनपुर | | १ | | १ | | १ | | १ | ६६ |
| 13 | श्री बर्मा आ वि आमशेरा | | १ | | २ | | १ | | २ | ४१ |
| 14 | श्री जनजागृति आ वि चिलोट | | | | १ | | | | १ | १९ |
| 15 | श्री कालिका आ वि जिरेतोला | | | | १ | | | | १ | २५ |
| 16 | श्री ककरसिंह आ वि कडकीरी | २ | १ | | २ | २ | १ | | २ | १२७ |
| 17 | श्री बेताल आ वि देशाना | | ३ | | | | ३ | | | ४० |
| 18 | श्री जनता आ वि सल्लेकाँडा | १ | १ | १ | २ | १ | १ | १ | २ | १९६ |
| 19 | श्री सरस्वती आ वि बसन्तपुर | १ | २ | | १ | १ | २ | | १ | ३४ |
| 20 | श्री दुर्गा आ वि हिजिरे | | ३ | | | | ३ | | | ८१ |
| 21 | श्री केदारेश्वर मा वि खैराला | १ | १ | १ | २ | १ | १ | १ | २ | १२५ |
| 22 | श्री समैजी आ वि गुगुडेनी | १ | २ | | | १ | २ | | | १०९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 23 | श्री भानु मा वि चित्रपुर | ३ | ५ | १ | २ | ३ | ५ | १ | २ | २६४ |
| 24 | श्री ग्वासी आ वि सहजपुर | २ | ३ | | १ | २ | ३ | | १ | ९५ |
| 25 | श्री भगवती आ व मस्य | २ | २ | | | २ | २ | | | १५३ |
| 26 | श्री आदर्श आ वि सालघारी | १ | १ | | | १ | १ | | | २१ |
| 27 | श्री जनकल्याण आ वि शान्तीपुर | २ | २ | | २ | २ | २ | | २ | १५२ |
| 28 | श्री समैजीलिङ्ग आ वि कापडीगडा | | १ | | १ | | १ | | १ | ५३ |
| 29 | श्री जनता मा वि बैसनी | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३८१ |
| 30 | श्री मालिका आ वि गाँजरी | | ३ | | | | ३ | | | ३७ |
| 31 | श्री समैजी आ वि जगाती | | ३ | | १ | | ३ | | | १०० |
| 32 | श्री कालिका आ वि भुजे | १ | २ | | | १ | २ | | | २८ |
| 33 | श्री सुर्यमुखी आ वि वालुवागडा | | ४ | | २ | | ४ | | २ | २९७ |
| ३४ | श्री मसुरखेत आ वि सैन | | २ | १ | | | २ | १ | | ७० |
| ३५ | श्री सरस्वती आ वि बाटेगडा | | | | | | | | | ७२ |
| ३६ | श्री बस्नेत आ वि गर्भा | ३ | | | २ | ३ | | | २ | १४१ |
| ३७ | श्री सरस्वती आ वि रानिभुकुडा | | | | | | | | | ९२ |
| ३८ | श्री मष्टा आ वि राउला | | | | १ | | | | १ | २८ |
| ३९ | श्री केदारेश्वर आ वि ओखल्ढुङ्गा | २ | १ | | १ | २ | १ | | १ | ३६ |
| ४० | श्री शुक्र मा वि खानीडाडा | ६ | ४ | | १ | ६ | ४ | | १ | ७७३ |
| ४१ | श्री मसानी आ वि गुणी | १ | २ | | ३ | १ | २ | | ३ | १२० |
| ४२ | श्री समैजी आ वि मौरी | १ | २ | | १ | १ | २ | | १ | ३६ |
| ४३ | श्री मेलकट्टेश्वर मा वि बयला | ८ | ६ | | | ८ | ६ | | | ४०७ |
| ४४ | श्री जनता मा वि शान्तीनगर | | ४ | | २ | | ४ | | २ | १९१ |
| ४५ | श्री धौलापहरु आ वि गिथडा | १ | | १ | १ | १ | | १ | १ | ३३ |
| ४६ | श्री सिद्धबाबा आ वि गौजेना | १ | १ | १ | ३ | १ | १ | १ | ३ | १८९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४७ | श्री सिद्ध आ वि गोगनपानी | २ | १ | | २ | २ | १ | १ | २ | १५७ |
| ४८ | श्री भगवती मा वि कोट | ३ | ४ | | १ | ३ | ४ | | | २४५ |
| ४९ | श्री ग्वसी आ वि सिराडी | २ | २ | | ३ | २ | २ | | ३ | १४६ |
| | | ७४ | ९७ | ७ | ५८ | ७४ | ९७ | ७ | ५८ | ६८८२ |

**बेरूजु दफा ५१.६ सँग सम्बन्धित विवरण - अनुसूची - ६**

| क्र.स | बालविकास केन्द्रको नाम | विद्यार्थी संख्या | बालविकास सहजकर्ता संख्या |
|---|---|---|---|
| 1. | केदारेश्वर आ वि खैराला | २६ | १ |
| 2. | कालिका आ वि भुजे | ४ | १ |
| 3. | जनता आ वि सल्लेकाँडा | २२ | १ |
| 4. | मसुरखेत आ वि सईन | १० | १ |
| 5. | समैजी आ वि जगाती | २७ | १ |
| 6. | बस्नेत आ वि गर्भा | २३ | १ |
| 7. | जनजागृति आ वि किचान | १४ | १ |
| 8. | बेताल आ वि देशाना | १६ | १ |
| 9. | जनकल्याण आ वि शान्तीपुर | १६ | १ |
| 10. | भगवती आ वि सायल | १९ | १ |
| 11. | मोहन्याल मा वि निगाली | ११ | १ |
| 12. | समैजी आधारभूत विद्यालय घरखेडा | ३६ | १ |
| 13. | भैरौ आ वि सिमली | १४ | १ |
| 14. | केदार आ वि तुसारेपानी | १९ | १ |
| 15. | ककरसिंह आ वि कडकिरी | २२ | १ |
| 16. | भैरव मा वि अलाड | २० | १ |
| 17. | शिव मा वि किम्तोला | १९ | १ |
| 18. | आदर्श आ वि सालघारी | ८ | १ |
| 19. | जनता आ वि मिलनपुर | १२ | २ |
| 20. | सरस्वती आ वि घोडेथर | १६ | १ |
| 21. | सिद्ध आ वि गोगनपानी | २० | १ |
| 22. | ग्वासी आ वि सहजपुर | ८ | १ |
| 23. | भगवती मा वि कोटढुङ्गेनी | २१ | २ |

| | | | |
|---|---|---|---|
| 24. | भगवती आ वि मस्य | ४९ | २ |
| 25. | शुक्र मा वि खानीडाँडा | ३५ | २ |
| 26. | मेल कट्टेश्वर मा वि बयला | २६ | २ |
| 27. | जनता मा वि शान्तीनगर | १७ | १ |
| 28. | समैजीलिङ्ग बेताल आ वि कापडीगडा | २० | १ |
| 29. | जनता मा वि बैसनी | ५४ | १ |
| 30. | दुर्गा आ वि हिजिरे | १५ | १ |
| 31. | समैजी आ वि गुगुडेनी | २० | १ |
| जम्मा | | 639 | ३६ |

## बेरूजु दफा ५३ सँग सम्बन्धित विवरण - अनुसूची -७

| सि.नं. | विद्यालयको नाम | छात्रा छात्र वृत्ति कक्षा १-८ | | | दलित छात्रवृत्ति कक्षा १-८ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | दर | रकम | संख्या | दर | रकम | जम्मा रकम |
| 1 | आदर्श प्राथमिक विद्यालय,सालघारी | ९ | 400 | 3600 | 0 | 400 | 0 | 3600 |
| 2 | आदर्श शिशुसदन प्राथमिक विद्यालय, वजाडी | २ | 400 | 800 | १ | 400 | 400 | 1200 |
| 3 | ककरसिंह आधारभूत विद्यालय, कडकिरी | ५१ | 400 | 20400 | १० | 400 | 4000 | 24400 |
| 4 | कालिका प्राथमिक विद्यालय, जिरेतोला | ७ | 400 | 2800 | ० | 400 | 0 | 2800 |
| 5 | कालिका प्राथमिक विद्यालय, भुजे | ९ | 400 | 3600 | ३ | 400 | 1200 | 4800 |
| 6 | कालिकाप्राथमिक विद्यालय, वन्द्वार | | 400 | 0 | ० | 400 | 0 | 0 |
| 7 | केदार आधारभूत विद्यालय, तुसारेपानी | ७२ | 400 | 28800 | १८ | 400 | 7200 | 36000 |
| 8 | केदारेश्वरआधारभूत विद्यालय, ओखलढुङ्गा | १६ | 400 | 6400 | ० | 400 | 0 | 6400 |
| 9 | केदारेश्वरआधारभूत विद्यालय, ओजेना | ९२ | 400 | 36800 | ६ | 400 | 2400 | 39200 |
| 10 | केदारेश्वरआधारभूत विद्यालय, खैराला | ४३ | 400 | 17200 | २ | 400 | 800 | 18000 |
| 11 | ग्वासी आधारभूत विद्यालय, कुभैना | ६४ | 400 | 25600 | १० | 400 | 4000 | 29600 |
| 12 | ग्वासी आधारभूत विद्यालय, सहजपुर | ३९ | 400 | 15600 | ५ | 400 | 2000 | 17600 |
| 13 | जनकल्याण आधारभूत विद्यालय, शान्तिपुर | ६३ | 400 | 25200 | ११ | 400 | 4400 | 29600 |
| 14 | जनजागृति प्राथमिक विद्यालय, चिलोट | ४ | 400 | 1600 | ० | 400 | 0 | 1600 |
| 15 | जनजागृतीप्राथमिक विद्यालय, किचान | १० | 400 | 4000 | ३ | 400 | 1200 | 5200 |
| 16 | जनता प्राथमकि विद्यालय,मिलनपुर | १३ | 400 | 5200 | ७ | 400 | 2800 | 8000 |
| 17 | जनता प्राथमिक विद्यालय, सल्लेकाँडा | ७० | 400 | 28000 | ० | 400 | 0 | 28000 |
| 18 | जनता माध्यमिक विद्यालय, वैसैनी | ११५ | 400 | 46000 | १ | 400 | 400 | 46400 |
| 19 | जनता माध्यमिकविद्यालय, शान्तिनगर | ६२ | 400 | 24800 | ६ | 400 | 2400 | 27200 |
| 20 | दुर्गाप्राथमिक विद्यालय, हिंजरे | २९ | 400 | 11600 | ४ | 400 | 1600 | 13200 |
| 21 | धौलापहरू प्राथमिक विद्यालय, गिथडा | ९ | 400 | 3600 | ० | 400 | 0 | 3600 |
| 22 | भगवती आधारभूतविद्यालय, सायल | ५६ | 400 | 22400 | ३ | 400 | 1200 | 23600 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 23 | भगवती आधारभूत विद्यालय,कोटढुङ्गेनी | ९८ | 400 | 39200 | १० | 400 | 4000 | 43200 |
| 24 | भगवती प्राथमिक विद्यालय, मत्स्ये | ४२ | 400 | 16800 | ८ | 400 | 3200 | 20000 |
| 25 | भानु माध्यमिक विद्यालय, चित्रपुर | ११२ | 400 | 44800 | १२ | 400 | 4800 | 49600 |
| 26 | भैरव माध्यमिक विद्यालय, अलाड | ७७ | 400 | 30800 | १० | 400 | 4000 | 34800 |
| 27 | भैरो प्राथमिक विद्यालय, सिमली | २३ | 400 | 9200 | ८ | 400 | 3200 | 12400 |
| 28 | मष्टा आधारभुत विद्यालय राउला | ८ | 400 | 3200 | ० | 400 | 0 | 3200 |
| 29 | मसानी आधारभूत विद्यालय, गुणी | ५६ | 400 | 22400 | ० | 400 | 0 | 22400 |
| 30 | मसुरखेत वेताल प्राथमिक विद्यालय, सईन | २५ | 400 | 10000 | ० | 400 | 0 | 10000 |
| 31 | मालिका प्राथमिक विद्यालय, गाजरी | १० | 400 | 4000 | ७ | 400 | 2800 | 6800 |
| 32 | मेलकट्टेश्वर माध्यमिक विद्यालय ,वयाला | १०३ | 400 | 41200 | १४ | 400 | 5600 | 46800 |
| 33 | मोहन्याल माध्यमिक विद्यालय, निगाली | ८९ | 400 | 35600 | २६ | 400 | 10400 | 46000 |
| 34 | वर्मा प्राथमिक विद्यालय, आमसेरा | २० | 400 | 8000 | २ | 400 | 800 | 8800 |
| 35 | वस्नेत आधारभूत विद्यालय, गर्भा | ५९ | 400 | 23600 | ११ | 400 | 4400 | 28000 |
| 36 | वेताल प्राथमिक विद्यालय देशाना | १८ | 400 | 7200 | १ | 400 | 400 | 7600 |
| 37 | शिव माध्यमिक विद्यालय, किम्तोला | ५६ | 400 | 22400 | १३ | 400 | 5200 | 27600 |
| 38 | शुक्र माध्यमिक विद्यालय,खानिडाडाँ | २३८ | 400 | 95200 | ३ | 400 | 1200 | 96400 |
| 39 | समैजी प्राथमिक विद्यालय, घरखेडा | ३७ | 400 | 14800 | ० | 400 | 0 | 14800 |
| 40 | समैजी प्राथमिक विद्यालय, जगाती | ३५ | 400 | 14000 | ९ | 400 | 3600 | 17600 |
| 41 | समैजी प्राथमिक विद्यालय, मौरी | १२ | 400 | 4800 | ० | 400 | 0 | 4800 |
| 42 | समैजी प्राथमिक विद्यालय,गुगुडेनी | ४२ | 400 | 16800 | १ | 400 | 400 | 17200 |
| 43 | समैजीलिङ्ग प्राथमिक विद्यालय, कापडीगडा | १४ | 400 | 5600 | ० | 400 | 0 | 5600 |
| 44 | सरस्वतीप्र.वि. रानीभकुडा | २१ | 400 | 8400 | ० | 400 | 0 | 8400 |
| 45 | सरस्वतीप्रा थमकि विद्यालय, वसन्तपुर | १५ | 400 | 6000 | ० | 400 | 0 | 6000 |
| 46 | सरस्वती प्राथमकि विद्यालय, वाटेगडा | ३५ | 400 | 14000 | ३ | 400 | 1200 | 15200 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 47 | सरस्वती प्राथमिक विद्यालय, घोडेथर | ९ | 400 | 3600 | ० | 400 | 0 | 3600 |
| 48 | सिद्ध आधारभूत विद्यालय, गोगनपानी | ५५ | 400 | 22000 | २ | 400 | 800 | 22800 |
| 49 | सिद्धवावा आधारभूत विद्यालय, गौजेना | ६८ | 400 | 27200 | २१ | 400 | 8400 | 35600 |
| 50 | सुर्यमूखी आधारभूत विद्यालय, वालुवागडा | १०६ | 400 | 42400 | ५ | 400 | 2000 | 44400 |
| | | 2318 | | 927200 | 256 | | 102400 | 1029600 |

## बेरूजु दफा ५५.१ सँग सम्बन्धित विवरण - अनुसूची -८

| क्र.सं. | क्रियाकलापकोनाम | विनियोजन रु | खर्च रु | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | स्थानीयतहका स्वास्थ्य शाखास्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्रअस्पताल तथाआयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलवमहगी भत्ता र पोषाक भत्ता | २०७०००००।०० | १२६७१२८४।६० | ६१।२१ | ८०२८७१५।४० |
| २ | आधारभूतप्रयोगशाला कार्यक्रम | ६०००००।०० | ३४७१३६।०० | ५७।८६ | २५२८६४।०० |
| ३ | आधारभूततथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १३७४०००।०० | १३७४०००।०० | १००।०० | ०।०० |
| ४ | प्रजनन्रुग्णता स्वास्थ्य सेवा | ८५०००।०० | ६४६००।०० | ७६।०० | २०४००।०० |
| ५ | राष्ट्रियमहिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन यातायात खर्च र दिवस मनाउने खर्च समेत) | १४०००००।०० | १४०००००।०० | १००।०० | ०।०० |
| ६ | स्थानिय तहतर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षागर्भवती उत्प्रेरणा सेवा रक्तसंचार न्यानो झोला निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचारकार्यक्रम | १४३३०००।०० | १३१९५९८।४५ | ९२।०९ | ११३४०१।५५ |
| ७ | समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम। | ८९०००।०० | ८०६४०।०० | ९०।६१ | ८३६०।०० |
| ८ | बिश्वरक्तचाप दिवस तथा आत्महत्या न्यूनीकरण दिवस मनाउने तथा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका हरुलाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धिअभिमुखीकरण | ५४०००।०० | ५३५००।०० | ९९।०७ | ५००।०० |
| ९ | स्थानीयतहको साझेदारीमा कोभिड १९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालनको पालिका/ वडा बाट खोप केन्द्र स्तरमा सुपरिवेक्षण तथा दादुरा रुबेला खोपअभियान संचालन | १६८०००।०० | १६८०००।०० | १००।०० | ०।०० |
| १० | पालिकास्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै अर्धबार्षिक एवं बार्षिक समिक्षा | २०००००।०० | १९८७००।०० | ९९।३५ | १३००।०० |
| ११ | स्वास्थ्यचौकी (आधारभुत स्वास्थ्य सेवाकेन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम | १२६०००।०० | ७१२५०।०० | ५६।५५ | ५४७५०।०० |
| १२ | CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षास्थलगत अनुशिक्षण समता तथा पहुच कार्यक्रम) | ३४००००।०० | ३३४०६४।०० | ९८।२५ | ५९३६।०० |
| १३ | किशोरकिशोरीस्वास्थ्य सेवा | ८००००।०० | ६५४००।०० | ८१।७५ | १४६००।०० |
| १४ | इपिडेमियोलोजिकलरिपोर्टिङ्ग | १२०००।०० | १२०००।०० | १००।०० | ०।०० |
| १५ | पोषण विशेषकार्यक्रम | ३८८०००।०० | २६४९८९।०० | ६८।३० | १२३०११।०० |
| १६ | कम्युनिटि डट्स कार्यक्रम कार्यक्रम संचालनर स्वास्थ्य कर्मिहरू लाइ क्षयरोग मोडुलर तालिम | २४०००।०० | २४०००।०० | १००।०० | ०।०० |
| १७ | नियमित खोप सुदृढीकरण पूर्ण खोप सुनिश्चतता र दीगोपनाएफ। आई.पी.भी. खोप अभियान | १७३०००।०० | १७३०००।०० | १००।०० | ०।०० |
| १८ | परिवारयोजना सेवा | ८७०००।०० | ७४६३५।०० | ८५।७९ | १२३६५।०० |
| १९ | स्थानिय तहमार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | १३४६०००।०० | १२७०७५४।०० | ९४।४१ | ७५२४६।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | आकस्मिकअवस्थामा औषधि एवं ल्याब सामग्री ढुवानीरेकर्डिङ तथा रिपोर्टिङका लागि फर्मफरमेट छपाइ ई-टि।बिरजिस्टरअध्यावधिक विश्व क्षयरोग दिवससम्बन्धी कार्यक्रम | ८७०००।०० | ८४७५०।०० | ९७।४१ | २२५०।०० |
| २१ | मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गराइरहेका क्यासर रोगी र मेरूदण्ड पक्षघात काविरामीहरूलाई औषधि उपचार खर्च | ७२००००।०० | ५७००००।०० | ७९।१७ | १५००००।०० |
| जम्मा | | २९४८६०००।०० | २०६२२३०१।०५ | ६९।९३ | ८८६३६९८।९५ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र वडा कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।